# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जैमिनी नगरपालिका
## बागलुङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जैमिनी नगरपालिका

## बागलुङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

जैमिनी नगरपालिका

बागलुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

गण्डकी प्रदेश

मितिः २०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ५१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,
जैमिनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
जैमिनी, बगलुङ्ग ।

१. **कैफियत सहितको राय** — हामीले जैमनी नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू १ करोड ३४ लाख १९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रु.१ लाख ६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३६ लाख २५ हजार, नियमित गर्नुपर्ने रु.७४ लाख ३२ हजार र पेश्की बाँकी रु.२२ लाख १ हजार समेत रु.१ करोड ३४ लाख १९ हजार रहेको छ । यस नगरपालिकाको गतवर्ष सम्म रु.९ करोड ६३ लाख ५

हजार बेरुजू बाँकी रहेको समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१० करोड ९७ लाख २४ हजार रहेको छ । जैमनी नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने जैमिनी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी जैमिनी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)
**नायब महालेखापरीक्षक**

जैमिनी नगरपालिका,

बागलुङ्ग जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३१ | १५ | १३४१९ | ० | ० | ० | ३१ | १५ | १३४१९ | १६१ | ७४३२ | ३६२५ | ० | ० | ११०५७ | २२०१ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बागलुङ्ग | १४७८५३ | ० | ५१५४८ | ९६३०५ | ० | १३४१९ | १०९७२४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| सि न | आर्थिक वर्ष | दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछर्यौट रकम |
|---|---|---|---|---|
| १ | २०७९।०८० | | प्रतिकृया प्राप्त नभएको | ० |
| २ | २०७८।०७९ | २५ | बढि तलब भुक्तानी भोचर पेश | ७६ |
| ३ | २०७८।०७९ | ३७ | घटी जमानत लिएको बैक जमानत पेश | २०० |
| ४ | २०७८।०७९ | ४३ | बढि भुक्तानी भएको भौचर पेश | २० |
| | २०७८।०७९ | ५२ | ४ कोठे तथा २ कोठे भवन को कार्य सम्पन पेश | |
| ५ | २०७८।०७९ | | शान्ति मा वि कुश्मिसेरा ४ कोठे | ३६०० |
| ६ | २०७८।०७९ | | भरतपुरी मा वि दमेक ४ कोठे | ३६०० |
| ७ | २०७८।०७९ | | जनशिक्षित मा वि अर्जेवा ४ कोठे | ३६०० |
| ८ | २०७८।०७९ | | संस्कृत मा वि जैदी ४ कोठे | ३६०० |
| ९ | २०७८।०७९ | | जनकल्याण मा वि  छिस्ती ४ कोठे | ३६०० |
| १० | २०७८।०७९ | | विजुवा मा वि पैयू ४ कोठे | ३६०० |
| ११ | २०७८।०७९ | | जनता मा वि पैयू ४ कोठे | ३६०० |
| १२ | २०७८।०७९ | | जनता मा वि राङखानी ४ कोठे | ३६०० |

| | | | | |
|---|---|---|---|---|
| १३ | २०७८।०७९ | | सतिढुँगा मा वि जैदी ४ कोठे | ३६०० |
| १४ | २०७८।०७९ | | गाउँफर्क आ वि पैयू ४ कोठे | ३६०० |
| १५ | २०७८।०७९ | | छिस्ती आ वि छिस्ती २ कोठे | १८०० |
| १६ | २०७८।०७९ | | जनकल्याण मा वि  अर्जेवा २ कोठे २ वटा | ३६०० |
| १७ | २०७८।०७९ | | सर्वोदय जनक मा वि विनामारे २ कोठे | १८०० |
| १८ | २०७८।०७९ | | केवैखानी प्रा वि छिस्ती २ कोठे | १८०० |
| १९ | २०७८।०७९ | ७४ | पे .फ.गरेको जनजाति क्षमता अभिवृद्धि तालिम | १०५ |
| | २०७८।०७९ | ७५ | पे .फ.गरेको प्रमाण पेश | |
| २० | २०७८।०७९ | | पे .फ.गरेको रेशमलाल चापागाई | ५०० |
| २१ | २०७८।०७९ | | पे .फ.गरेको हिलसाईड निर्माण सेवा | ८४४ |
| | २०७८।०७९ | ७६ | PAMS Entry गरेको प्रमाण पेश | |
| २२ | २०७८।०७९ | | भिमदेवी मेडिसीन सप्लायर्शबाट औषधी खरिद गरेको | ९६८ |
| २३ | २०७८।०७९ | | ब्रोदर्श  सर्जिकल एण्ड डाईनेष्टिक विमिटी खरिद गरेको | २०० |
| २४ | २०७८।०७९ | | योमन मेडिसेल्सबाट सर्जीकल सामान खरिद गरेको | ४५५ |
| २५ | २०७८।०७९ | | मर्नास र डाँडाखानी शहरी स्वास्थ्य केन्द्र फर्निचर खरिद | ३२० |
| २६ | २०७८।०७९ | | तारागंगा मेडिसिन सप्लायर्शबाट सामान खरिद गरेको | २९४ |
| २७ | २०७८।०७९ | | धौलागिरी मल्टि्र ट्रेडर्श कन्सर्नबाट ल्याव सामाग्री खरीद | २८५ |
| | २०७८।०७९ | | आन्तरिक लेखापरीक्षण वेरुजु | |
| २८ | २०७८।०७९ | २१३ | समूहलाई मकै बाढेको भरपाई पेश | १३० |
| २९ | २०७८।०७९ | १२ | खरिद इकाईको निर्णय नगराई दाखिला गरेको | ४०० |
| ३० | २०७८।०७९ | ५० | पशु शाखाको औषधी खरिदको भरपाई नभएको | ५२५ |
| ३१ | २०७८।०७९ | ५७ | कोभिड जोखिम भत्ता बढि भूक्तानी  भौचर पेश | ३१ |
| ३२ | २०७८।०७९ | ५८ | बढि तलब भुक्तानी भौचर पेश | १३ |
| ३३ | २०७८।०७९ | ५९ | प्रशिक्षण भत्ता बढि भुक्तानी भौचर पेश | १२ |
| ३४ | २०७८।०७९ | ६८.३ | सामाजिक सुरक्षा भत्ता बढि निकासा भौचर पेश | १०२८ |
| ३५ | २०७८।०७९ | ५६ | स्थानीय भत्ता भौचर पेश | २६ |
| | | | जम्मा | ५१४३२ |
| ३६ | २०७५।०७६ | ४९ | हातीपाईले बढी भुक्तानी भौचर पेश आव | ११६ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## परिचय

२ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।
**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।
**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।
**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।
**(च)** यस पालिकाको क्षेत्रफल ११८.७१ वर्ग किलोमिटर र जनसंख्या ३१ हजार ४३० रहेको तथा १० वडा र ५३ सभा सदस्य रहेको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र

व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसमा संघिय सरकारलाइ फिर्ता गर्नुपर्ने रकम रु १०३४७। बढी फिर्ता गरी स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तिरत शशर्त बजेट तथा कार्यक्रम, संघिय र प्रादेशिक स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम, धरौटी, प्रकोप व्यबस्थापन कोष, कर्मचारी कल्याण कोष, लगायतका कोष खाताहरु लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चहरुको लेखाकंन सुत्रमा राखि प्रतिवेदन समेत २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ ।

• एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३ **आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको जनाएता पनि नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना कार्यान्वयन गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको छैन ।

• पालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने नगरेको ।

• पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने नगरेको ।

• कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धि काम मात्र उल्लेख गर्ने गरेको छ।

• गोश्वारा भौचर साथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने नगरेको छ।

• पदाधिकारीलाई मासिक सुविधा अन्तर्गत पाउने सञ्चार सुविधाको अतिरिक्त मोवाइल रिचार्ज कार्डमा समेत थप खर्च लेख्ने गरेकोले यसमा नियन्त्रण हुनु पर्ने छ।

• विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढीलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४ **सिफारिस-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । त्यसैगरी यस पालिकाबाट बसाइ सरी आउने भन्दा अन्यत्र बसाइ सरी जानेको संख्या अत्यधिक बढी रहेको

देखिएको हुदा यसतर्फ पालिकाले गम्भिर ध्यान दिइ आवश्यक कार्य गर्नु पर्ने देखिन्छ । यस नगरपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| सि नं | बिबरण | सिफारिस भएको संख्या |
|---|---|---|
| १ | जन्म दर्ता | ११३४ |
| २ | मृत्युदर्ता | ४८० |
| ३ | बसाईसराई भई आउनेको दर्ता | २१ |
| ४ | बसाईसराई भई जानेको दर्ता | ३७४ |
| ५ | विवाह दर्ता | ५७२ |
| ६ | सम्वन्ध बिच्छेद | २३ |

सैद्धान्तिक बेरुजु

५ **बजेट पेश पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगर उपप्रमुखले २०७९।३।०९ गते रु ७० करोड७०लाख ७३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७९।३।०९ मा पारित गरी २०७९।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने लिखित अख्तियारी प्रदान गरेको देखियो ।

सैद्धान्तिक बेरुजु

६ **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| क्र सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४४२१५००० | २८८७२४९७।८० | ६५.३०% |
| २ | पूर्वाधार विकास | २०४९५७९९२।- | १४२६०४५०८.२६ | ६९.५७% |
| ३ | सामाजिक विकास | ४२०२६७०००।- | ३९२८४८६१०।४३ | ९३.४७% |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | २२८८२०००।- | १९०१२०३७।९० | ८३.०८% |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२७६२३०००।- | ९५०५७०५४।०८ | ७४.४८% |
| | जम्मा | ८१९९४४९९२ | ६७८३९४७०९ | ८२.७३ % |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

**खर्च बिश्लेषणः** नगरपालिकाले यसबर्ष कुल आन्तिरक आय समेतबाट रु ११८९२४२२.९४ र राजस्व बाँडफाँड तथा अनुदानबाट रु ८08052569.06 समेत रु ८१९९४४९९२ आम्दानी भएकोमा चालु तर्फ रु-४४६९१९७७०.९१ र पूँजिगत तर्फ रु-231474938।36 समेत रु ६७८३९४७०९ खर्च भएको छ ।यसबाट नगरपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७ **चौमासिक खर्च-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा कार्यालयले स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको निम्न विवरण अनुसार चौमासिक पुंजीगत खर्चको स्थिति विश्लेषण गर्दा अन्तिम चौमासिक एवं विशेष गरी आषाढ महिनामा बढी

खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा बढी खर्च गरी हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि नं | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | |
|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक |
| १ | चालु खर्चतर्फ | ४४६९१९७७०.९१ | ११५०७६६५४.६३ | १०७६६०९९.०३ | २२४१८२१२५.२५ |
| २ | पूँजिगत खर्चतर्फ | २३१४७४९३८।३६ | 13850773 | 61084625 | १५६५३९५४०।३६ |
| | जम्मा | ६७८३९४७०९ | १२८९२७४२७.63 | 1६८७४५६१६.०३ | ३८०७२१६६५.६१ |
| | प्रतिशत | ८२.७३ % | १५.७२ | २०.५८ | ४६.४३ |

सैद्धान्तिक बेरुजु

८ **ठेक्काको लगत-** सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा तयार सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । यस कार्यालयले यस वर्ष तथा गत विगत वर्ष ठेक्का व्यवस्थापन गरेका योजनहरुको स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा ठेक्का अभिलेख राखेको पाईएन । जसबाट एक भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुक्तानी अभिलेख प्राप्त हुन सकेन । तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **पदाधिकारी सुविधा-** गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा जम्मा रु. १६९०२४६४।- पदाधिकारी सुविधामा भुक्तानी गरेको छ ।

सैद्धान्तिक बेरुजु

१० **योजना र कार्यान्वयन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्ः

| क्र. सं. | विवरण | योजना संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | 312 | 20750743।- |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | 254 | 65908605।- |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | 66 | 52756713।- |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | 43 | 96956951।- |
| ५ | ५० लाख भन्दा माथिका योजना | 16 | 138192034।- |
| | जम्मा | ६९१ | ३७४५६५०४६ |

सैद्धान्तिक बेरुजु

११ **योजना छनौट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई उल्लेखनिय प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **न्यायिक समिति -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फस्यौंट विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी एक उजुरी रहेकोमा यस बर्ष विभिन्न विषयका ८ वटा विवाद दर्ता भएकोमा जम्मा ९ मध्ये ३ वटा फस्यौंट भई यो वर्ष ६ वटा बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ

सैद्धान्तिक बेरुजु

१४ **कर्मचारी कल्याण कोष-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो नगरपालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा गत बिगतको बाकी मौज्दात रु ३२१२५२० रहेकोमा योवर्ष कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गरी जम्मा गरेको र खर्च गरेको छैन । बर्षको अन्त्यमा रु ३२१२५२०। बाकी मौज्दात रहेको जनाएको छ ।

सैद्धान्तिक बेरुजु

१५ **अभिलेख-** पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मात्र सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ। त्यसैगरी नगरपालिका कार्यालयमा राजस्वको आम्दानी सफ्टवेयर प्रयोग गरेर र वडा कार्यालयहरुले म्यानुअल मार्फत नगदि रसिद प्रयोग गरी असुल गर्नेगरेकोमा सबै निकायको राजस्व सफ्टवेयर प्रणाली प्रयोग गरेर मात्र असुल गर्ने व्यवस्था कायम गरिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१६ **विविध खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ रु. ४४९८७३८ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१७ **स्वास्थय विमा-** स्वास्थ्य विमा नियमावली २०७५ को नियम १६ मा स्वास्थ्य विमा वापतको योगदान रकम नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय सरकारद्धारा व्यहोर्ने योगदान रकमको वारेमा व्यवस्था रहेको छ। जसअनुसार अति गरिवको परिचयपत्र प्राप्त परिवारको शतप्रतिशत अपाङ्ग तथा जटिल प्रकृतीका विरामिका परिवारको शत प्रतिशत ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको शत प्रतिशत र महिला स्वंयमसेविका संलग्न भएको परिवारको ५० प्रतिशत रकम व्यर्होने व्यवस्था भएकोमा उल्लेखित व्यहोरा एकिन नगरी वडा न. ६ मा रु.७५०००। खर्च लेखेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१८ **पेश्की बाँकी विवरण-** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको विबरण अनुसार निम्न व्यक्ति तथा संस्थाले देहाय बमोजिम लिएको मोबिलाइजेशन लगायत अन्य पेश्की बाकी रकम मध्ये म्याद ननाघेको रु ९०६५०००। र म्याद नाघेको रु२२००७५० आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेको देखिएको हुदा नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिएको रु.

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिनेको नाम | म्याद ननाघेको पेश्की बाकी | म्याद नाघेको पेश्की बाकी |
|---|---|---|---|---|
| | | रविना - प्राकृतिक - जुगल जे. भी. | 1500000 | |
| | | रविना - प्राकृतिक - जुगल जे. भी. | 5600000 | |
| २०७९/०४/०१ | १ | कृषि उपज संकलन भवन निर्माण उ स | | 219000 |

| | | | | |
|---|---|---|---|---|
| २०७९/०४/०१ | १ | कालिगण्डकी करिडोर ढाव सतिढुंगा चोखेक सिङ्गेपोखरी सडक स्तरोन्नतीउ स | | 313500 |
| २०७९/०४/०१ | १ | खुर्सानीवोट लस्करे छत्रेआप राधिखोला धुम खोलाखानी सडक निर्माण उस | | 100000 |
| २०७९/०४/०१ | १ | जाडि भानेवन पैयु घ्युर सहराते सडक निर्माण उ स | | 300000 |
| २०७९/०४/०१ | १ | दारेगौडाघाट झोपु जैमिनी | | 600000 |
| २०७९/०४/०१ | २ | कालिगण्डकी करिडोर ढाव सतिढुंगा चोखेक सिङ्गेपोखरी सडक स्तरोन्नतीउ स | | 313500 |
| २०७९/०४/०१ | २ | खुर्सानीवोट लस्करे छत्रेआप राधिखोला धुम खोलाखानी सडक निर्माण उस | | 100000 |
| २०७९/१२/०२ | २२ | साङदीघाटझोलुङ्गो पुल निर्माण उपभोक्ता समिति | 595000 | |
| २०७९/१२/०३ | २४ | देउरालीघाट झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति | 325000 | |
| २०७९/१२/०६ | २७ | अर्मटुडी घाट झोलुङ्गे पुन निर्माण उ स १ | 280000 | |
| २०७९/१२/१२ | २८ | खाल्टे विजुवाघाट स्टिल ट्रस पुल निर्माण उपभोक्ता समिति जैमिनी ९ | 265000 | |
| २०८०/०२/१४ | ४५ | फलाटे रुखेनी फाँट झोलुङगेपुल निर्माण उपभोक्ता समिति | 500000 | |
| २०७९/०४/०१ | १ | कर्णबहादुर पुन | | 28000 |
| २०७९/०४/०१ | १ | कर्ण वहादुर दमै | | 28000 |

| | | | | |
|---|---|---|---|---|
| २०७९/०४/०१ | १ | देउकली दमिनी | | 28000 |
| २०७९/०४/०१ | १ | नारायण प्रसाद सापकोटा | | 28000 |
| २०७९/०४/०१ | १ | निक्की वि क | | 28000 |
| २०७९/०४/०१ | १ | भिम बहादुर हमाल | | 28000 |
| २०७९/०४/०१ | १ | मनिष श्रिष | | 28000 |
| २०७९/०४/०१ | १ | सुमित्रा क्षेत्रि जैसी | | 28000 |
| २०७९/११/२१ | १४ | टंकनाथ शर्मा १ | | 13750 |
| २०७९/११/२१ | १४ | प्रेम प्रसाद शर्मा १ | | 17000 |
| | | कुल जम्मा | 9065000 | 2200750 |
| | | | पेश्की | २२,००,७५० |

१९ **कामको प्रगतिको आधारमा पेश्की-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क उपदफा (२) मा पेश्की दिदा पहिलो पटकमा स्वीकृित पेश्की रकमको आधा रकम नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने, उपदफा ३ मा पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानि गर्नुपर्ने, उपदफा ४ मा पहिलो पटक पेश्की रकम प्राप्त गरेको मितिले ३० दिनभित्र कार्य प्रारम्भ गरिसक्नुपर्ने आदि प्रावधानहरु रहेका छन् । कार्यालयले निर्माण व्यवसायीलाई दोश्रो पटक पेश्की रकम उपलब्ध गराउँदा कार्य प्रगति नै प्राप्त नगरी उपलब्ध गराउने गरेको पाइयो । पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत उपलब्ध नगराई संस्थाको सवै प्रयोजनको लागि खोलिएको खातामा नै भुक्तानी गर्ने गरेको छ । पहिलो पटक पेश्की रकम प्राप्त गरेको मितिले ३० दिनभित्र कार्य प्रारम्भ गरिसक्नुपर्ने प्रावधान विपरित कतिपय सम्झौतामा सोको लामो अवधिसम्म पनि कार्य सुरु नगरेको र सोही अवस्थामा समेत दोस्रो पेश्की रकम उपलब्ध गराउने गरेको समेत देखिन्छ । उदाहरणको लागी ठेक्का नं ४-२०७९।८० जैमिनीधाम कुश्मीशेरा सडक निर्माण कार्यका निर्माण व्यवसायी हिलसाइड निर्माण सेवालाइ दुवै पेश्की रु २३३२०००। एकै पटक उपलब्ध गराइएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२० **सोझै खरीद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सम्झौता गर्न सकिने, रु.१० लाख भन्दा माथि रु.२० लाख सम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले योवर्ष पूँजीगत शिर्षकबाट देहाय बमोजिम वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ निम्नानुसार सोझै वा दररेट लिएर खरिद गरेको पाइयो । यसमा सुधार हुनु पर्दछ ।

| गो.भौ.नं./मिति | कामको विवरण | पार्टीको नाम | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| ८३।०८०।३।२२ | कार्यालयमा सोलार व्यापअफ खरिद | एक्सन एक्टिभ इनर्जी प्रा ली | ७९९५१० | ७९१५४७ |
| ५९०।०८०।३।२० | हेल्मेट, रेनकोट लगायत बिपद सुरक्षा सामाग्री खरिद | फिस्टेल सप्लायर्स | - | ९८४७१० |
| १४,७५।०८०।३।२१ | मिनि टेलर ५० प्रतिशत अनुदान खरिद २० थान | मल्टि इलेक्ट्रिकल एण्ड टुल्स सप्लायर्स | ९८०००० | ९८०००० |

| सैद्धान्तिक बेरुजु |
|---|

२१ **व्यवसाय कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । नगरपालिकाले योवर्ष व्यवसाय कर वापत रु८९९८७४। असुल गरेको जनाएको छ । पालिकाको कार्यालयले व्यवसायहरूको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखेको पाइएन । पालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२२ **रकम ढिला दाखिला-** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए

सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । ढिला दाखिला गर्ने उपर कारबाही गर्नुपर्ने समेत देखियो । यस सम्वन्धमा छलफल गर्दा सम्बन्धित वडामा बैंक नभएको कारण ढिला दाखिला भएको जनाएको छ । कानूनले तोकेको समयमा दाखिला गर्ने व्यवस्थाको पालना गर्नु पर्दछ ।

• त्यसैगरी वडागत रुपमा असूली देखाएको मध्ये गतवर्ष नगद वांकी भए नभएको तथा यो वर्ष दाखिला भए नभएको खुलासा गरेको छैन ।

• नगरपालिकाले विगतमा उपलव्ध गराएका, २०७९।८० मा उपलव्ध गराएका नगदी रसिद र सोबाट भएको असूली, दाखिला र नगदि रसिद फिर्ता सम्बन्धी अभिलेख र म.ले.प.फा.नं. अनुसारको स्रेस्ता तयार नगरेकोले भिडान गर्ने अवस्था देखिएन । तत्सम्वन्धी अभिलेख दुरुस्त गरी असूली दाखिला सुनिश्चित गर्नु पर्दछ

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२३ **शिर्षक फरकः** १५।२०७९।११।२३ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्वीकृत बजेट भित्र तोकिएको कार्यक्रम तथा खर्च शिर्षकको परिधीभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । यस नगरपालिकाले कालिगण्डकी कोरीडोर अन्तर्गत सडकको खाल्डा खुल्डि पुर्ने तथा पहिरो पन्छाउने कार्य सम्वन्धित आयोजनाको सम्वन्धित शिर्षकबाट खर्च गर्नु पर्नेमा पालिकाको प्रकोप व्यवस्थापन कोषबाट रु.६३४०६४। खर्च लेखेको हुदा नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,३४,०६४ |

२४ **खरिद टुक्राएको** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष शिक्षा तर्फ देहायका बिभिन्न बिद्दालयहरुमा ICT LAB निर्माणका सामाग्री, फर्निचर लगायत कार्यक्रम तथा कार्यालय सम्वन्धी निम्नानुसारका सामानहरु खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम टुक्राटुक्रा बनाइ प्रत्येकमा ३ वटा दररेट लिएर रु ४६३७२१७। रकमको खरिद गरेको देखियो ।यसबाट एकातर्फ कानुनको उल्लघंन हुन गएको छ भने अर्को तर्फ खरिद कार्य मितव्ययी भयो भन्न सकिने देखिएन ।

यसमा सम्वन्धित पदाधिकारीको ध्यान गइ सुधार हुनुपर्दछ । कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम गरेको व्यहोरा कार्यालयले जनाएको छ । ऐन र नियमावलीको पालना गरिनु पर्दछ ।

| भौ नं।मिति | खरिद बिबरण | आपुर्तिकर्ता | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| ५३।०८०।२।३१ | कम्प्युटर लगायत **ICT LAB** निर्माणका सामाग्री | इन्साइड टेक्नोलोजि प्रा ली | ६४८५०० | ६४८५०० |
| ५२।०८०।२।३१ | कम्प्युटर लगायत **ICT LAB** निर्माणका सामाग्री | इन्साइड टेक्नोलोजि प्रा ली | ६४८५०० | ६४८५०० |
| ६०।०८०।२।३१ | कम्प्युटर लगायत **ICT LAB** निर्माणका सामाग्री | इन्साइड टेक्नोलोजि प्रा ली | ६४८५०० | ६४८५०० |
| ५६।०८०।३।१० | कार्यालयको लागि ल्यापटप खरिद | प्रोफेशनल कम्प्युटर सप | २५५५०० | २५५५०० |
| ६६।०८०।३।२१ | कम्प्युटर लगायत **ICT LAB** निर्माणका सामाग्री | ट्रेड पेडिया ग्रुप प्रा ली | ६५०००० | ६५०००० |
| ७१।०८०।३।२२ | फर्निचर खरिद | श्रीष्टी फर्निसिगं सेण्टर | ५९३२५० | ५९३२५० |
| ७२।०८०।३।२२ | अफिस सामान खरिद | अफिस सामान सप्लायर्स स्टोर्स | २१६४५१ | २१६४५१ |
| ७३।०८०।३।२२ | कार्यालय सामान खरिद | धौलागिरी अफसेट पेश | ६५३५३ | ६५३५३ |
| ७४।०८०।३।२२ | फर्निचर खरिद | शुभकामना सप्लायर्स | १४५०८३ | १४५०८३ |
| ७५।०८०।३।२२ | ड्रेस खरिद पन्चे बाजाको लागि | पर्वत स्पोर्टस हाउस | २००००० | २००००० |

| | | | | |
|---|---|---|---|---|
| ४१।०८०।२।२ | कम्प्युटर लगायत खरिद | प्रोफेशनल कम्प्युटर सप | ९६००० | ९६००० |
| १५।०७९।११।३ | जेष्ठ नागरिक व्लांकेट खरिद | श्रीजना फर्निचर उद्धोग | ४७००८० | ४७००८० |
| | | जम्मा | ४६३७२१७ | ४६३७२१७ |

सैद्धान्तिक बेरुजु

२५ **परामर्शदाता खर्च-** बजेट व्यवस्था भै कार्यान्वयन हुने आयोजनाको मात्र गुरूयोजना, डीपीआर, अध्ययन तथा सुपरभिजन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई भुक्तानी गरेको छ ।

| काम/अध्ययन विवरण | लागत अनुमान (रु.मा) | खरिद विधि | प्रस्ताव संख्या | परामर्शदाताकोनाम | सम्झौता रकम रु. | जम्मा भएको कामरु. | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| DPR preparation of 15 bed municipal hospital | १७९९६११ | QCBS | ३ | ईगल्स सोलुसन प्रा.लि. | १७८५४०० | १७८५४०० | १७८५४०० |
| DPR preparation of wardno 5 office building of binamare | ४९९७२० | Direct | ३ | सिभिल आइकन कन्सल्टेन्सि प्रा.लि | ४९२२५६ | ४९२२५६ | ४९२२५६ |
| ५ झो पु को सुपरभिजन कार्य | १०४८७६७ | Direct | १ | बि वाइ सि वागलुगं | १०४८७६७ | ३०% | ३१४६३० |
| जम्मा | ३३४८०९८ | | | | ३३२६४२३ | | २५९२२८६ |

(क)सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ उपदफा (१) खण्ड (क) मासार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कामहुन नसक्ने भएमा मात्र परामर्श सेवा लिन सकिने प्रावधान रहेको छ । वडा नं ५ को वडा कार्यालय भवन निर्माणको डिपिआर तयारी गर्ने कार्य कार्यालयमा उपलव्ध जनशक्तिबाट गराउनु पर्नेमा उपरोक्त बमोजिम सोझै दररेट लिएर न्युन प्रतिस्पर्धाबाट गराएको छ । कार्यालयको जनशक्तिबाट हुन नसक्ने सम्वन्धमा केही उल्लेख भए गरेको देखिएन ।

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार रु २० लाख सम्मको परामर्शदाता छनौट गर्दा नियमानुसार सुचिक्रित परामर्शदाताहरु मध्येबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी बढी अंक प्राप्त गर्ने परामर्शदातासंग प्रतिस्पर्धाको माध्यमबाट सम्झौता गरी कार्य गराउनु पर्ने व्यवस्था छ । कार्यालयले ५ वटा झोलुगेंपुल निर्माण कार्यको सुपरभिजन गर्ने परामर्शदाता नियुक्ति गर्दा रु १०४८७६७। को लागत अनुमान स्वीक्रितगरेकोमा सोझै बि वाइ सी बागलुगं नामक परामर्शदातासंग प्रस्ताव माग गरी लागत अनुमानअंकमै सम्झौता गरी ३० प्रतिशत भुक्तानी रु ३१४६३०। भुक्तानी गरेको छ । यसरीप्रतिस्पर्धा बेगर परामर्शदाता नियुक्त गरेबाट कानुनको उल्लघंन हुन जानुको साथै कार्यालयलाइ थप व्ययभार परेको छैन भन्ने अवस्था देखिन आएन ।

(ग)सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ र २६ अनुसार प्रस्ताव पेशगर्दा आपसमा मिलेमतो गर्न नहुने र गरेको पुष्टी भए रद्द हुने उल्लेख रहेको छ ।कार्यालयले १५ बेडको नगरपालिका अस्पताल भवन निर्माण कार्यको लागि डिपीआर प्रतिवेदनतयार गर्न परामर्शदाता छनौट गर्दा ३ वटासंग प्रस्ताव माग गरी छनौट गरेर कार्य गराएको भएता पनिअत्यन्त न्युन प्रतिस्पर्धा ०.७९ प्रतिशत घटीदरमा सम्झौता गरी कार्य गराएको छ ।

(घ) यस्तोअध्ययन कार्य गराउदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै भवन तथा स्थानीय पूर्वाधार विकासको नर्म्सको आधार लिएर स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेकोदेखियो । यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयन भई खर्चको सार्थकता पुष्टि हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **खरिद टुक्राएको-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष स्वास्थ्य तर्फ औषधी तथा उपकरण र सर्जिकल औजार खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम एक वटा बोलपत्रको माध्यमबाट र ३ वटा खरिदलाइ सोझै तथा खुल्ला दरभाउपत्र लिएर खरिद गरेको देखियो । यसप्रकार खरिद गरेको मध्ये बोलपत्रबाट भएको खरिदमा पर्याप्त र स्वस्थ्य प्रतिस्पर्धा भइ स्वीक्रित लागत अनुमान भन्दा ६४.६७ प्रतिशत घटी दरमा प्रस्ताव स्वीक्रित भइ खरिद गरिएको छ भने बाकी

३ वटा सोझै दरभाउपत्र लिएर खरिद गरेका खरिदहरुमा स्वीक्रित लागत अनुमान भन्दा शुन्य प्रतिशत घटी दरमा खरिद गरेको देखियो । यसप्रकार टुक्रा गरेर खरिद कार्य गर्दा सोझै दरभाउपत्रबाट गरिएको खरिदमा बोलपत्रको तुलनामा ६४.६७ प्रतिशतले हुने रु १५३९८४७। बढी लागत पर्न जानुको साथै उक्त कानुनको समेत उल्लघंन हुन पुगेको देखिन्छ ।

| खरिदको बिबरण | आपुर्तिकर्ताको नाम | लागत अनुमान | खरिद बिधि | सम्झौता रकम | घटी प्रतिशत | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| औषधी र सर्जिकल सामान | श्री चिराग फार्मेसी प्रा ली | २४९९९७७ | बोलपत्र | ८८३१८० | ६४.६७% | ८८३१८० |
| सर्जिकल सामान | तारागंगा मेडिसिन सप्लायर्स | ३६९०८० | सोझै दरभाउपत्र | ३६९०८० | ०% | ३६९०८० |
| औषधी र सर्जिकल सामान | भिमदेवी मेडिसिन सप्लार्य | १६१६५०४ | सोझै दरभाउपत्र | १६१६५०४ | ०% | १६१६५०४ |
| ILR रेफ्रिजेरेटर | क्याण्डेल मेडी कन्सर्न | ३९५५०० | सोझै दरभाउपत्र | ३९५५०० | ०% | ३९५५०० |
| जम्मा | | ४८८१०६१ | | ३२६४२६४ | | ३२६४२६४ |

सैद्धान्तिक बेरुजु

२७ **औषधीको सदुपयोग-** आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरु मध्ये निम्नानुसारका औषधीहरु यो आ व २०७९।८० को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । जसमध्ये केहिको मुल्य खुलेको र केहिको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो । यसप्रकार औषधीहरु नोक्सानी हुनुमा तालुक सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रीजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको

छ । यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरु कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता यकिन गरी निजहरुबाट असुल हुनु पर्दछ ।

| उत्पादन कोड | उत्पादन कोड | परिमाण | मुल्य |
|---|---|---|---|
| 35270000 | RDT for Malaria test kit | 100 | 3,875 |
| 80051001 | rk 39 Test Kit (Kalazaar) | 25 | नखुल्ने |
| 35066234 | Diethylcarbamzipine 100 mg (DEC) Tablet | 80,640 | 64,512 |
| 88123631 | Chloroquine 250 mg Tablet | 90 | नखुल्ने |
| 35066235 | Bal Vita (MNP) Sachet | 17430 | 16206 |
| 35011071 | Ferrous Sulphate 60 mg + Folic Acid Tab 0.4 mg Tablet | 64000 | 50820 |
| 35,066,230 | Retinol (Vitamin A) 200 000 I.U. Capsule # | 2100 | 3864 |
| 35011131 | Aluminium Hydroxide250 mg + Magnesium Hydroxide 250 mg or Magnesium Trisilicate 250 mg Tablet | 10,200 | नखुल्ने |
| 33180101 | Amlodipine 5 mg Tablet | 10,500 | नखुल्ने |
| 35011030 | Chlorpheniramine Maleate 4 mg Tablet | 15,000 | नखुल्ने |
| 80050020 | Ciprofloxacin Hydrochloride 250 mg Tablet | 5,500 | नखुल्ने |
| 33360501 | Combi Kit Mifepristone 200 mg 1 Tab Misoprostol 0.2 mg 4 Tab | 8 | 43 |
| 35011120 | Frusemide 40 mg Tablet | 75 | नखुल्ने |
| 35666004 | Hyoscine butylbromide 10 mg Tablet | 950 | नखुल्ने |

| | | | |
|---|---|---|---|
| 35061144 | Metformin 850 mg Tablet | 2,500 | नखुल्ने |
| 33350101 | Misoprostol 200 mcg Tablet | 360 | 47 |
| 35102132 | Promethazine 25 mg Tablet | 350 | नखुल्ने |
| 35111131 | Ranitidine 150 mg Tablet | 19,400 | नखुल्ने |
| 35666005 | Sulphamethoxazole 400 mg & Trimethoprim 80 mg Tablet | 2,000 | नखुल्ने |
| 88123612 | Vitamin D with Calcium | 150 | नखुल्ने |
| 88123478 | Fluconazole 150 mg Capsule | 30 | नखुल्ने |

त्यसैगरी यसप्रकार खरिद गरेर वा अन्य निकायबाट योवर्ष प्राप्त हुन आएका औषधि तथा सर्जिकल सामानहरु मध्ये बिभिन्न आइटमका धेरै परिमाण र मुल्यका औषधि तथा सर्जिकल सामानहरु आर्थिक वर्षको अन्त्यसम्ममा पनि मातहतका स्वास्थ्य चौकी तथा संस्थाहरुमा नपठाइ नगरपालिकाको जिन्सी खातामा मौज्दात राखि राखेको व्यहोरा प्राप्त बिबरणबाट देखिन आयो । यसप्रकार समयमै मातहतका सम्वन्धित निकायमा नपठाइ पालिकामै थन्काएर राखिराखेबाट थप औषधि तथा सर्जिकल सामानहरु समेत म्याद सकिइ प्रयोजन बिहिन हुनसक्ने तर्फ सम्वन्धित निकाय तथा पदाधिकारीहरुको यथाशिघ्र ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२८ **भ्रमण खर्च-** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीले भ्रमण गरेपछी सो को अभिलेख अनुसूचि ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाइ विश्वसनिय बनाउन आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाँउको दुरी राख्नुपर्ने उल्लेख छ। पालिकाले चालुतर्फका विभिन्न कार्यक्रमहरुबाट अनुगमन खर्च बापतको रकम भुक्तानी गरेको छ। तर भ्रमणको अभिलेख, भ्रमणको प्रतिवेदन राखेको भेटिएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सही सदुयपोग भएको छ भन्ने आधार पुष्टी हुन सकेन त्यसैले यसतर्फ सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२९ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना-** संघीय सरकार (शसर्त चालु तर्फ) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बंगुर पकेट विकास कार्यक्रम, बाख्रा पकेट विकास कार्यक्रम, मकै पकेट विकास कार्यक्रम, काल्फको होस्टल ,रैनाथे बाली प्रवर्दन र उन्नत खाद्यान्न बालीको उन्नत विउ उपयोग कार्यक्रम अन्तर्गत रु ७४ लाख ७० हजार रकम विनियोजित भएको छ। कार्यक्रम संचालन गर्नका लागि पालिकाले सूचना प्रकाशन गरी लागत साझेदारीका आधारमा कृषि सहकारी संस्थाहरुलाइ अनुदान दिने गरेको पाइयो। तर वास्तविक लक्षित कृषकहरुले उक्त कार्यक्रमको प्रतिफल पाउन सके\नसकेको तर्फ पालिकाले ध्यान पुर्याउन जरुरी छ ।

१ मिति २०८०/३/२१ गो. भौ. न. ५१६ नयाँ मकैबाली विकास कार्यक्रम अन्तर्गत साना कृषि सहकारी संस्था वडा न ५ लाइ भुक्तानी भएको रकम रु ५७०५९० मध्ये कृषि सहकारी संस्थाका अध्यक्ष लगायत अन्य पदाधिकारीहरुले अनुगमन मुल्याङ्कन वापत वुझेको रकम सम्वन्धधितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५०० |

३० **आन्तरिक लेखापरीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका व्यहोरा सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराउनु पर्ने ब्यवस्था रहेको छ । कार्यालयले योवर्ष आन्तरिक लेखापरीक्षण गराइ सोको प्रतिवेदन अन्तिम लेखापरीणमा पेश हुन आयो । उक्त आन्तरिक लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा प्रतिवेदनमा सुधार गर्नुपर्नै बिषय नरहेको र कतिपय बिषयहरु सुधार भएको व्यहोराहरु औंल्याइएको पाइयो । आन्तरिक लेखापरीक्षण दक्ष, स्वतन्त्र, भरपर्दो र बिश्वसनिय बनाइ औंल्याइएका बिषयहरु पालिकाले यथाशिघ्र सुधार गर्ने संयन्त्र र व्यवस्था मिलाउनु पर्दछ ।

त्यसैगरी पालिका मातहत रहेको कुश्मिशेरा प्राथमिक स्वास्थ्य केन्द्र, कुश्मिशेरा, जैमिनीको यो आर्थिक वर्ष २०७९।८० मा भएको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन लिएको नदेखिदा समयमै आन्तरिक लेखापरीक्षण गराइ सोको प्रतिवेदन उपर सुधारको सुनिश्चितता तुल्याइनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३१ **असुल गर्नुपर्ने-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । गौश्वरा भौचर नं ४२।०८०।३।२१ बाट नौला खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाइ रु २३६९२७। भुक्तानी हुदा कर कट्टी गर्नुपर्ने रु ७१२२। रकम समेत निजलाइ भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम उपभोक्ता समितिका अध्यक्ष देविलाल गोतामेसंग असुल गरी सम्वन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,१२२ |

३२ **खरिद टुक्राएको-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु १० लाखभन्दा माथि रु २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी पटक सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष ११० बिक्रेताबाट रु ३६८८५३७२। रकम बराबरको बिभिन्न बस्तु, सामाग्री तथा निर्माण सामाग्री खरिद गरी बिक्रेतालाइ भुक्तानी गरेको बिबरण प्राप्त भएको छ । यसरी यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा सोझै तथा ३ वटासंग दररेट माग गरी पटक पटक खरिद गरीएको छ । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्तीहरु, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्रीहरु आदिको खरिद कार्य गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गर्ने गरेको छ । जसले गर्दा एउटै सामाग्री समेत कार्यक्रम वाइज पटक पटक खरिद गर्नु परेको, मूल्य समेत फरक पर्ने गरेको, एउटै सामग्री फरक फरक बिक्रेताबाट एउटै वा फरक मितिमा खरिद गर्ने गरिएको अवस्था बिद्यमान रहेको देखियो । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन । खरिद कार्यमा कानुन बमोजिम सुधार गरिनु पर्दछ ।

**.१ जिन्सी दाखिला –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को दफा ९५ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकाले हस्तान्तरण भई वा बस्तुगत सहायता र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने प्रावधान रहेकोमा सोको कार्यान्वयन हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३३ **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सम्झौता गर्न सकिने, रु.१० लाख भन्दा माथि रु.२० लाख सम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले योवर्ष पूँजीगत शिर्षकबाट देहाय बमोजिम वस्तु, सेवा वा निर्माण कार्यको खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ निम्नानुसार सोझै दररेट लिएर खरिद गरेको पाइयो । यसबाट खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी भयो भन्न सकिने अवस्था देखिएन । यसमा सुधार हुनु पर्दछ ।

| सि.नं. | कामको विवरण र ठेगाना | लागत अनुमान | प्रस्ताव संख्या | निर्माण व्यवसायी/आपूर्तीकर्ता | सम्झौता रकम | जम्मा काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | सिचाँई पाइप खरिद वडा | ६०००० | ३ | Galaxy Suppliers | ५९८९६६ | ५९८९६६ | ५९८९६६ |
| २ | पाइप खरिद वडा | ६५०००० | ३ | Galaxy Hardware | ६४९९५३ | ६४९९५३ | ६४९९५३ |
| ३ | तार जाली खरिद | १०००००० | ३ | Nitasha & nitya hardware | ९९५७६८ | ९९५७६८ | ९९५७६८ |
| ४ | सिचाँई पाइप खरिद वडा | १५०००० | ३ | Galaxy Hardware | १४९३४१ | १४९३४१ | १४९३४१ |
| ५ | वडा कार्यालय ब्यवस्थापन | २००००० | ३ | Hillside nirman sewa | १९५०९० | १९५०९० | १९५०९० |
| ६ | वडा कार्यालय ब्यवस्थापन | २००००० | ३ | kaucha nirman sewa | १९२६३२ | १९२६३२ | १९२६३२ |
| ७ | वडास्तरका सडक मर्मत सुधार | ३४४५८३ | ३ | Hillside nirman sewa | ३४४५८३ | ३४४५८३ | ३४४५८३ |
| ८ | दिगो तथा मुख्य सडक मर्मत | ८८४३५७ | ३ | Ghumte Construction | ८८४३५७ | ८८४३५७ | ८८४३५७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | करिडोर तथा वैकल्पिक सडक सफाइ | ६३४०६४ | ३ | Partikshya construction and supply pvt. Ltd | ६३४०६४ | ६३४०६४ | ६३४०६४ |
| १० | नवीकरणीय उर्जा प्रविधि जडान (सौर्य उर्जा) | ८००००० | ३ | Action Active Energy pvt.ltd. | ७९१५४७ | ७९१५४७ | ७९१५४७ |
| ११ | गाँवो लिफ्टीङ खानेपानी पम्प खरिद | ५००००० | ३ | Green infrastructure Pvt.ltd. | ४८७८०० | ४८७८०० | ४८७८०० |
| १२ | शहरी स्वास्थ्य इकाइ शौचालय | २३९७६५ | ३ | Partikshya construction and supply pvt. Ltd | २३९७६५ | २३९७६५ | २३९७६५ |
| | जम्मा | | | | | | **६१६३८६६** |

सैद्धान्तिक बेरुजु

३४ **खरिद टुक्राएको-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष सवारी साधन खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम एक वटा बोलपत्रको माध्यमबाट र २ वटा खरिद क्याटलग सपिगं बिधिबाट निम्नानुसार खरिद गरेको देखियो । यसप्रकार टुक्रा गरेर खरिद कार्य गर्दा पर्याप्त प्रतिस्पर्धा नभइ न्युन प्रतिस्पर्धा भएको देखिदा कार्यालयलाइ थप व्ययभार पर्न जानुको साथै उक्त कानुनको समेत उल्लघंन हुन पुगेको देखिन्छ ।

| खरिदको बिबरण | आपुर्तिकर्ताको नाम | लागत अनुमान | खरिद बिधि | सम्झौता रकम | घटी प्रतिशत | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| 4WD 1900-2200cc Vehicle | अटो कनेक्सन प्रा ली | ६२१५००० | बोलपत्र | ६१४६९२७ | १.०९% | ६१४६९२७ |
| 4WD Ambulance Vehicle | अग्नी इन्कर्पोरेटेड प्रा ली | २०१५००० | क्याटलग | २०१००५० | ०.२४% | दायित्व प्रमाणित गरी अर्को बर्षलाइ सारिएको |
| मोटरबाइक ८ वटा खरिद | टीएन अटो भेन्चर प्रा ली | २४८६००० | क्याटलग | २३९२००० | ३.७८ | |

सैद्धान्तिक बेरुजु

३५ **घटी काम गरी सम्पन्न गरेको-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ को नियम ११८ मा कामको भेरिएसन सम्बन्धमा व्यवस्था गरेको छ । निम्न निर्माण कार्यको ठेक्कामा निर्माण व्यवसायीले सम्झौतामा (संशोधन समेत) उल्लेख भए भन्दा न्युन कार्य गरेको अवस्थामा समेत सोको औचित्य र प्राविधिक कारण तथा पुष्ट्याइ सहित भेरिएसन आदेश स्वीकृत गराएर मात्र उक्त कामको अन्तिम प्रतिवेदन तयार गरी भुक्तानी गर्नुपर्नेमा सो वेगर नै अन्तिम भुक्तानी गरी ठेक्काको अन्त्य गरेको पाइयो । तसर्थ निज निर्माण व्यवसायीलाइ नियमावलीको नियम १२१ बमोजिम पुर्वनिर्धारित क्षतिपुर्ति असुल हुनेगरी नियम १२० बमोजिम म्यादथप गरेर बाँकी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

| सि न | कामको विवरण | निर्माण व्यवसायी | संशोधित समेत सम्झौता रकम | जम्मा गरेको कार्य | घटी प्रतिशत | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | न्वार ढिक ढुल्लु विहारथला हाडीकोट सडक निर्माण | धमानी देउराली नि से | ११०७१७२० | ७७४२९२७ | ३० | ७७४२९२७ |

सैद्धान्तिक बेरुजु

३६ **वडास्तरीय मर्मत कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी प्राविधिक नापजाँच र नापी किताबको आधारमा हुनुपर्ने उल्लेख छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम ५ मा सरकारी रकम खर्च गर्दा रकम खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात

संलग्न हुनुपर्ने उल्लेख रहेको छ। वडा नं ९ वडास्तरीय सडक मर्मत कार्यको लागि रु ४,००,९५२। को लागत अनुमान स्वीकृत गरी ३ वटा खुला दरभाउपत्र लिएको आधारमा सम्झौता नै नगरी वडा सचिव दिल व. थापाले काउछा निर्माण सेवालाइ कार्यदिश दिएको पत्र संलग्न रहेको देखियो। तर उक्त निर्माण कार्यको लागि निज वडा सचिव दिल व. थापाले स्वयम आफ्नै नाममा मोविलाइजेशन पेश्की रु २ लाख लिएको र गो. भौ.न. ५ मिति २०७९/९/२८ बाट रु ३,९३,१२०। पेश्की फछ्र्यौट समेत वडा सचिव स्वयम आफैंले आफ्नो नामको चेक वनाइ अन्तिम विलको भुक्तानी लिएको देखिन आयो। यस प्रकार गरेको काम र स्वयम वडा सचिवले आफ्नै नाममा भुक्तानी लिएको सम्बन्धमा उक्त कामको यथार्थता र सम्बन्धित प्राविधिक समेत वडा सचिवको भुमिकाको सम्वन्धमा यथार्थता यकिन हुनुपर्ने देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,९३,१२० |

३७ **अमानतमा कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ मा रु १ लाख सम्मको निर्माण कार्य कार्यालयले अमानतमा गर्न सक्ने प्रावधान रहेको छ। वडा. न. ६ मा विभिन्न बाटोघाटो लगायतको मर्मत कार्य कार्यालय सहयोगी पवित्रा नेपाली वोहोरालाइ रु २ लाख रकम गो. भौ. नं ६ मिति २०७९/११/१५ बाट मोविलाइजेशन पेश्की उपलब्ध गराइ कार्य गराइएको र गो. भौ. न. १४ मिति २०८०/३/११ बाट पेश्की फछ्र्यौट समेत अन्तिम विलको भुक्तानी रु ३,९४,५५९। निज कार्यालय सहयोगीलाइ भएको व्यहोरा खर्चमा संलग्न विल भर्पाइबाट देखियो। यस प्रकार कानून विपरित अमानतमा भएको कार्य र उक्त कार्य कार्यालय सहयोगीबाट गराइएको भन्ने सम्बन्धमा सम्वन्धित प्राविधिक, वडा सचिव र वडा अध्यक्ष समेत काम भए नभएको सम्बन्धमा यथार्थता यकिन हुनुपर्ने देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,९४,५५९ |

३८ **कार्य सम्पन्न-** सार्वजसार्वजनिक खरिद नियमावली २०६४, को नियम ११७ मा कार्यस्वीकार प्रतिवेदन र नियम १२५ मा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेको छ। कार्यालयले साग्दीघाट, देउरालीघाट, फलांटेघाट, खाल्टेबिजुवा र अर्मातोडी तोसामा गरी ५ वटा झोलुङ्गे पुल निर्माण गर्न आवश्यक सामाग्री तथा पार्टसहरुको वोलपत्रको माध्यमबाट खरिद गरी जुनकिरी इण्डस्ट्रिज प्रा. लि.लाई रु ५९०१४६०। भुक्तानि गरी रु २२६६९७। भुक्तानी बाकी दायित्व प्रमाणित गरी राखेको छ । तर उक्त सामाग्रीको प्रयोगबाट ५ वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको कार्यस्वीकार प्रतिवेदन लेखापरिक्षण अवधि २०८० भाद्र १५ सम्म पनि पेश हुन आएको नदेखिएकोले पेश हुनु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३९ **मुल्य समायोजन भुक्तानी-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ उपदफा (२) मा खरिद सम्झौता गर्ने व्यक्तिको ढिलाइको कारण काम तोकिए बमोजिम नभए मुल्य समायोजन रकम भुक्तानी नदिइने व्यहोरा उल्लेख रहेको छ । यस पालिकाको ठेक्का नं ३-०७८।७९ प्रशासकिय भवन निर्माण गर्न निर्माण व्यवसायी रविना।प्राक्रितिक।जुगल जे भी संग रु ८१७६५०८२। को ठेक्का सम्झौता मिति २०७८।१०।२१ मा भइ

सम्पन्न गर्ने अवधि २०८१ पौष १६ सम्म तोकिएको छ । निजलाइ योवर्ष प्रथम र दोश्रो रनिगं बिलबाट रु १५३८०९१२। भुक्तानी भएको मध्ये प्रथम रनिगं बिलको भुक्तानीमा रु ७३११९३। मुल्य समायोजन वापत थप भुक्तानी गरेको देखियो । तर निज निर्माण व्यवसायीले सम्झौता र सोको कार्य तालिकामा भएको प्रावधान अनुसार तोकिएको समयमा तोकिएका कार्य आइटमहरुको कार्य गरेको देखिन आएन । तसर्थ उपरोक्त कानुनी प्रावधान अनुसार निजलाइ उक्त मुल्य समायोजनको थप रकम भुक्तानी दिन मिल्ने देखिदैन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४० **कर विजक-** मु.अ.कर नियमावली, २०५३ अनुसार मु.अ.करमा दर्ता भएको व्यक्ति, फर्म, संस्था र कम्पनीबाट कार्य गर्दा अनिवार्य रुपमा रीतपुर्वकको कर विजक जारी गर्नुपर्ने ब्यवस्था छ । । यस पालिकाको ठेक्का नं ३-०७८।७९ प्रशासकिय भवन निर्माण गर्ने निर्माण व्यवसायी रविना।प्राक्रितिक।जुगल जे भी लाइ गौ भौ नं १७५ मिति २०७९।११।१४ बाट प्रथम रनिगं बिल रु १०३९९४७९। भुक्तानी हुदा जारी गरेको बिजक नं 001 मिति २०७९।११।१० को बिजक र भौ नं १ मिति २०८०।३।२३ बाट दोश्रो रनिगं बिल रु ४९८१८३३। भुक्तानी हुदा जारी गरेको बिजक नं 004 मिति २०८०।३।२२ को बिजक बिच आकार, प्रकार र रगंमा समेत फरक परेको देखिदा उक्त दुबै बिजकबाट प्राप्त भएको मु अ कर रकम नियमानुसार कर समायोजन गरेको प्रमाण पेश हुनु पर्नै रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,६९,४८५ |

४१ **कुश्मीशेरा प्राथमिक स्वास्थ्य केन्द्र, जैमिनी- १ वागलुङ -** कुश्मिशेरा प्राथमिक स्वास्थ्य केन्द्रमा गतवर्षको मौज्दात अ ल्या गरेको रु ४९२०१६६। समेत योवर्ष जम्मा आम्दानी रु १५०४०६९९।भएकोमा रु ८९५७९७८। खर्च भइ रु ६०८२७२१।वर्षको अन्त्यमा मौज्दात बाकी रहेको देखाइएको छ । सो देखि बाहेक उक्त स्वास्थ्य केन्द्रमा रहेको एक एम्बुलेन्सको योवर्ष आम्दानी र खर्च रु ३७०१००। भएको बिबरण पेश भएको छ । उक्त कारोवारको पेश भएसम्मको श्रेस्ता र प्रमाण कागजात परीक्षण गर्दा निम्नानुसार देखियो ।

१ सोझै खरिद — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.२५ लाखसम्मको औषधिजन्य सामाग्रीको खरिद कार्य सोझै गर्न सकिने व्यवस्था रहेको छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटक भन्दा बढी पटक खरिद गर्न नहुने उल्लेख छ। कुश्मीशेरा प्राथमिक स्वास्थ्य केन्द्रले औषधि तथा सर्जिकल सामाग्री खरिदमा उक्त ऐन तथा नियमावलीको पालना गरेको देखिएन।कुश्मीशेरा स्वास्थ्य केन्द्रले सर्जिकल तथा ल्याव सामाग्री पटक पटक टुक्रा गरेर खरिद गरी विल रकम रु ४,०१,९१९। र औषधि खरिदमा रु २८,७३,०४७। समेत जम्मा रु ३२,७४,९६६। भुक्तानी गरेको देखियो। उक्त खरिद कार्य गर्दा खरिद ऐन तथा नियमावलीको उपरोक्त प्रावधान पालना नगरी खरिद गरेको पाइएकोले कानुनसम्मत नहुनुको साथै खरिद कार्य स्वच्छ, प्रतिस्पर्धि र मितव्ययि भएको भन्ने आधार नदेखिएको रु

२ कर्मचारी तलव तथा प्रोत्साहनः आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न हुनुपर्नेछ भन्ने व्यवस्था छ।कुश्मीशेरा प्राथमिक स्वास्थ्य केन्द्रले तलव, भत्ता र प्रोत्साहन भत्ता बापत रु ३५,५१,८२४। खर्च गरेको छ । उक्त खर्च रकम मध्ये अस्पताल विकास समितिको निर्णय अनुसार २५% कर्मचारी प्रोत्साहन भत्ता वापत रु ३२,०७,४२४। भुक्तानी गरी खर्च भएको देखियो।यसप्रकार प्रोत्साहन भत्ता भुक्तानी दिन मिल्ने पुस्टयाइ र प्रमाण पेश हुनु पर्दछ ।

३ एम्वुलेन्स संचालन- अस्पताल विकास समितिबाट संचालित एम्वलेन्सको वार्षिक आम्दानी रु ३,७०,१००। र चालकको तलव भत्ता र एम्वुलेन्स मर्मत तथा इन्धन खर्च समेत जम्मा रु ६,३७,४९९। खर्च भएको देखियो। उक्त एम्वुलेन्सको सन्चालन गर्दा न्युनतम लागतमा लाभ लागत विश्लेषण गरी संचालन हुनुपर्नेमा सो बमोजिम नभइ आम्दानी भन्दा खर्च रकम रु २,६७,३९९। बढी देखिएकोले यसतर्फ सम्बन्धित सरोकारवालाको ध्यान जानुपर्ने देखिन्छ।

| | |
|---|---|
| अनियमित भएको | ३२,७४,९६६ |

४२ **आर्थिक सहायता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. ८५४००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ ।

| गो भौ न | मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | सहायता रकम |
|---|---|---|---|
| ३३१ | २०७९।०९।२० | कर्ण बहादुर दमै | ७००० |
| १६९ | २०७९।०७।२४ | पवि विक | १५००० |
| २०२ | २०७९।०८।०८ | धनन्जय सापकोटा | २३००० |
| १९९ | २०७९।०८।०८ | टेक बहादुर राना | १५००० |
| १६६ | २०७९।०७।२४ | अम्मर बहादुर श्रीस | १५००० |
| २०० | २०७९।०८।०८ | देवी परियार | १३००० |

| | | | |
|---|---|---|---|
| १६८ | २०७९।०७।२४ | विष्णुराज विक | १५००० |
| २७० | २०७९।०९।०३ | भविलाल बसेल | १५००० |
| ४२९ | २०७९।०९।२९ | यम बहादुर दर्जी | २३००० |
| ४३१ | २०७९।०९।२९ | धननिधि पाध्या | २३००० |
| ३२१ | २०७९।०९।२७ | जय श्वर जैसी | २३००० |
| ५९१ | २०७९र१२।०५ | मिना परियार/टेक बहादुर परियार | २३००० |
| ५३३ | २०७९।११।१२ | टिकाराम उपाध्य | २३००० |
| ४७९ | २०७९।१०।१७ | भिम बहादुर घर्ती/विमल घर्ती | १५००० |
| ४३४ | २०७९।१०।११ | रेशम नेपाली/जुना नेपाली | १०००० |
| ४२७ | २०७९।०९।२८ | जयलाल विक | १०००० |
| ४४४ | २०७९।१०।१३ | तुल्सी सापकोटा | १५००० |
| ४२८ | २०७९।०९।२९ | पार्वती विक | १५००० |
| १९२ | २०७९।०७।२५ | विर बहादुर नेपाली | ७००० |
| ४३० | २०७९।१०।०३ | खुसी विक/रुपा विक | १०००० |
| ५५५ | २०७९।११।२१ | सविना परियार/सम्झना दर्जी | १०००० |

| | | | |
|---|---|---|---|
| ७३५ | २०८०।०१।२८ | रेशमलाल आचार्य | ७००० |
| ७३० | २०८०।०१।२७ | टेक बहादुर राना | ८००० |
| ४८१ | २०७९।१०।१७ | गंगा बहादुर परियार | १५००० |
| ६०० | २०७९।१२।०६ | सावित्रा सार्की | ६००० |
| ६७२ | २०८०।०१।०५ | नारायण कामी | १०००० |
| ६०८ | २०७९।१२।१० | नर बहादुर मगर | १८००० |
| ६२० | २०७९।१२।१६ | संजिता आचार्य पौडेल | १८००० |
| ६२९ | २०७९।१२।२० | नेत्र बहादुर छन्त्याल/प्रेम छन्त्याल | १३००० |
| ६३२ | २०७९।१२।२१ | टिकाकला घर्तिनी | ५००० |
| ६३६ | २०७९।१२।२७ | सरस्वती पाण्डे पुन | १३००० |
| ६२८ | २०७९।।१२।२० | इन्द्रमाया पुन | १८००० |
| ६७३ | २०८०।०१।०५ | जुनादेवी थापा मगर | १०००० |
| ६०२ | २०७९।१२।०६ | पवि सर्किनी | ५००० |
| ६३५ | २०७९।१२।२६ | चित्रा देवी पाध्या | २०००० |
| ६१५ | २०७९।१२।१३ | डिल्ली प्रसाद जैसी | १०००० |

| | | | |
|---|---|---|---|
| ६२१ | २०७९।१२।१६ | हिरालाल बिक | १८००० |
| ६३१ | २०७९।१२।२१ | जिमस बोहरा/लिल बहादुर सार्की | ७००० |
| ४७७ | २०७९।१०।१७ | कुमारी शर्मा | ५००० |
| ५३० | २०७९।११।१० | मुमिना खातुन | १०००० |
| ७१० | २०८०।०१।१८ | जित बहादुर दमै | ३००० |
| ७११ | २०८०।०१।१४ | विष्णु प्रसाद सापकोटा | ३००० |
| ७३१ | २०८०।०१।२७ | रघुनाथ शर्मा | २०००० |
| | २०८०।०१।२१ | सुस्मिता शर्मा | १०००० |
| ६८१ | २०८०।०१।०७ | नवराज दर्जी | ५००० |
| १०४५ | २०८०।०३।२४ | समिर परियार | ५००० |
| ७३६ | २०८०।०२।०१ | डिली मगर्नी | ५००० |
| ७७१ | २०८०।०२।०५ | टिकादेवी सापकोटा | ८००० |
| ९८३ | २०८०।०३।२२ | चन्द्रकला राना | १२००० |
| ७०८ | २०८०।०१।१३ | सन्तोष सापकोटा | १०००० |
| ३२८ | २०७९।०९।१८ | पोखरा चौर खेलकुद क्लव उपभोक्ता समिति | १०००० |

| | | | |
|---|---|---|---|
| ५०४ | २०७९।१०।२९ | नैमदिन मिया | १०००० |
| १४६ | २०७९।०७।२७ | तमसम राना | १०००० |
| १५३ | २०७९।०७।२२ | धौलागिरी बहुमुखी क्याम्पस | १०००० |
| ९२६ | २०८०।०३।१९ | नेपाल मगर विद्यार्थी सघं | १०००० |
| ९७९ | २०८०।०३।२२ | नेपाल रेडक्रस सोसाईटी बागलुङ | १०००० |
| ७८० | २०८०।०२।२२ | मुमिना खातुन | ५००० |
| १००५ | २०८०।०३।२३ | प्रहरी चौकी बेलवगर | १०००० |
| १०५९ | २०८०।३।२४ | धौलागिरी बहुमुखी क्याम्पस | १०००० |
| ९६६ | २०८०।०३।२१ | राम प्रसाद शर्मा (भैरवस्थान कोट पुजा) | ९०००० |
| ६८९ | २०८०।०१।१० | धौलागिरी बहुमुखी क्याम्पस | १०००० |
| ८६५ | २०८०।०३।०८ | रिना कुमारी क्षेत्री | १०००० |
| ९०६ | २०८०।०३।१७ | दल बहादुर नेपाली | ७००० |
| ३८ | २०७९।०६।२७ | यम बहादुर दर्जी | १०००० |
| १५६ | 20७९।०७।२२ | हुतराज शर्मा जैसी | १०००० |
| १०३१ | २०८०।०३।२४ | ईन्द्र बहादुर पुन | १०००० |

| | | | |
|---|---|---|---|
| | | जम्मा | ८५४००० |
| | | | सैद्धान्तिक बेरुजु |

४३ **उपभोक्ता समितिबाट गराएको काम-** कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम ५९८ वटा उपभोक्ता समिति तथा लाभग्राही समुहबाट रु.११८४८८२२६। को कार्य गराएकोमा रु.९१२३०९३। को कार्य जनसहभागिताबाट गराइ बाकी रु.१०९३६५१३३। नगरपालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ । उक्त कारोवारको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र जैमिनी नगरपालिकाको खरिद नियमावली,२०७८ तथा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र दफा ४ को उपदफा (१) खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु.१ करोडसम्म भएको तथा स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

२ भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा केहीमा मात्र सम्वन्धित वडा अध्यक्षको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । त्यसैगरी कतिपय योजनाहरुमा वडास्तरिय अनुगमन

समितिको सिफारिस समेत संलग्न रहेको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समिति वा लाभग्राही समुहहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

३ कामको नापजाच र हस्तान्तरण ः उपभोक्ता समिति लाभग्राही समुहबाट गरिएका कतिपय कार्यहरुमा स्वीकृत लागत अनुमानसन्ग बराबर नै हुनेगरी वा केहीमा धेरैनै फरक पार्नेगरी नापी किताव, ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदनमा कामको परिमाण राख्ने गरेबाट कामको यथार्थ मुल्याकंन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानिय तहले यस प्रकार संचालन भएका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन ।

४ जनश्रमदान र लागत सहभागिता ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । नगरपालिकाले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये धेरैजसो निर्माण कार्यमा शुन्य देखि १० प्रतिशत भन्दा बढीको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको देखियो । स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्नु पर्ने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने र अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने प्रावधानको पुर्ण पालना गर्दै उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्न्नु पर्दछ ।

५ सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्रतगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु लगायत भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनुवाई गरेको भएपनि सार्वजानिक सुनुवाई बिस्त्रित रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा

रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

६ उपभोक्ता समितिको म्यादथप — सावर्वजनिक खरिद ऐन र नियमावलीमा उपभोक्ता समितिले सम्झौतामा तोकिएको अवधिमै तोकिएको कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । उक्त ऐन तथा नियमावलीमा उपभोक्ता समितिको सम्झौता अवधिको म्यादथप गर्ने सम्वन्धमा उल्लेख भएको देखिंदैन । कायार्यलयले गतवर्ष र यो वर्षको बिभिन्न मितिमा सम्झौता गरी कार्य गराएका मध्ये कतिपय उपभोक्ता समिति वा लाभग्राही समुहले सम्झौतामा तोकिए बमोजिमको अबवधिमा तोकिएको कार्य सम्पन्न नगरी ढिलागरी कार्य गरेको समेत देखियो । कानुनमा भएको व्यवस्था र सम्झौतामा उल्लेखित समयावधि भित्र कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाइ कानुन बमोजिम कार्वाही गरिनु पर्दछ ।

७ अनुगमन समिति ः नगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा नगरपालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले केहि सिमित योजनाहरुको हकमा मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी नगरपालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

८ तेश्रो पक्षबाट कार्य- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उक्त उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

९ हेभी इक्विपमेण्टको प्रयोग ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटर बाटो निर्माण गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य

गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । धेरैजसो निर्माण कार्यहरु उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाईबाट देखियो । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

१० गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

११ जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराएको — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका सडक, भवन, पुल, कल्भर्ट, टंकी, भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएको प्राप्त बिबरण बिश्लेषण गर्दा देहाय बमोजिम रु ६७५०३६४५ लागत अनुमान भएका ४२ आयोजनाहरुमा रु ६०१८७३३१। रकमको सम्झौता गरी कार्य गराइएकोमा रु ९००९६४६ रकम बराबरको कार्य जनसहभागिताबाट गरी रु ५११७७६८५। रकमको कामको उपभोक्ता समितिलाइ भुक्तानी भएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ । यसको बिबरण अनुसुचीमा रहेको छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

१२ पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च — पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले देहाय अनुसार ९७ वटा भुक्तानी भौचरबाट रु ५९८९३९८४। रकमको लागत अनुमान तयार गरी पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु ५३०२२८३४ बराबरको कार्य भएको जनाइ रु ५२६७४४००। भुक्तानी दिइ खर्च जनाएको पाईयो । उदाहरणको लागी पुजीगत खर्च शिर्षक अन्तरगतका केही गौ भौ नं लाइ परीक्षण गरी हेर्दा निम्नानुसार देखियो । यस्तो खर्चबाट उत्पादनमा बढोत्तरी नहुनुको सथै रोजगारी श्रीजना नहुने र पूंजीब्रिद्दीमा समेत सहयोग नभइ बितरणमुखि खर्चमा पश्रय हुनजाने देखिदा यसप्रकारको खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । यसको बिबरण अनुसुचीमा रहेको छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४४ **उपभोक्ताले काम गरेको नदेखिएको-** मुहान देखि मेनलाइनसम्म र टंकीसम्मको कार्य निर्माण व्यवसायीबाट गराउने र मेनलाइन देखि उपभोक्ताको घरसम्मको बितरण लाइन र धारा जडानको कार्य उपभोक्ता समितिबाट जनश्रमदानमा गर्नेगरी बोर खानेपानी तथा सरसफाइ आयोजना वडा नं ७ जैदी, जैमिनीका उपभोक्ता समिति र यस पालिका बिच सहमती भए बमोजिम कार्यालयले निर्माण व्यवसायीबाट गरिने कार्यको लागी ५९९८०९९। को लागत अनुमान स्वीक्रित गरी निर्माण व्यवसायी पञ्चद्वीप कन्स्ट्रक्सनसंग रु ५९०४१४३। को सम्झौता मिति २०७९।११।११ मा गरी मिति २०८०।३।१७ मा कार्य सम्पन्न गरेको जनाइ निजलाइ दुइवटा रनिगं बिलबाट रु ५८६००००। भुक्तानी भएको देखियो । तर उपभोक्ता समितिले जनश्रमदानमा गर्नुपर्ने काम गरेको नदेखिदा उक्त आयोजना अधुरो रहन गएको देखियो । यसमा सम्वद्द पक्षको ध्यान गइ यथाशिघ्र आयोजना सम्पन्न गराउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४५ **. सहकारी संस्था-** साबिक डिभिजन सहकारी कार्यालयहरु मध्ये संघियताको कार्यान्वयन सँगसँगै ३५ वटा संस्था यस नगरपालिकामा हस्तान्तरण भई आएको मध्ये २१ वटा संस्थाहरु एकिकरणमा गएका र २० वटा संस्थाहरु सक्रिय रहेको र १५ वटा संस्थाहरु निष्कृय रहेको विवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरुमा सर्वसाधारणको पूँजी र सम्पत्ती के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ती र अधिकारको संरक्षणको सम्बन्धमा नगरपालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा समवन्धित पदाधिकारी र कर्मचारीहरुको ध्यान जानु आवश्यक देखिन्छ ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृती तथा समस्याहरुलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन, सदस्यहरुलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरुको दिगो विकास र स्थायीत्व प्रदान गर्न सहकारी ऐन २०७४ कोे दफा ८७ एवं यस पालिकाको सहकारी ऐन २०७४ को दफा ६५ र ६६ बमोजिम सहकारी सस्थाहरुको एकिकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरुको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकिकरण, विघटन तथा खारेजी सम्वन्धी आवश्यक कानुन तथा कार्यविधिहरु निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४६ **सुरक्षित आप्रवासन परियोजना [SAMI – III]-** बैदेशिक रोजगारलाइ सुरक्षित ब्यबस्थित मर्यादित उपलब्धिमूलक एवं शोषणरहित बनाउन नेपाल सरकार र स्वीस सरकारको द्धीपक्षीय सम्झौता भइ सुरक्षित आप्रवासन परियोजना सामी कार्यन्वयनमा रहेकोमा तेस्रो चरणको समयावधि २ वर्ष थप भइ २०७९ श्रावण १ देखि २०८१ असार ३१ सम्म कायम भएको छ। तेश्रो चरण श्रम रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालय अन्तरगत संचालनमा रहेको छ । ३८ जिल्लाका १५६ स्थानिय तहमा संचालित यो परियोजना २०७५ भाद्र १ देखि संचालनमा रहेको मध्ये यस नगरपालिकामा पनि संचालनमा रहेको छ ।यस परियोजना अन्तर्गत विनियोजन भएको रकम रु २५ लाख मध्ये रु २१ लाख ६७ हजार ५ सय ७५ खर्च भइ बाँकी रहेको रकम रु ३ लाख ३२ हजार ४ सय २५ संघीय

संचित कोषमा फिर्ता भएको छ।पालिकाले सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ। सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ बमोजिम कार्यक्रमको उद्धेश्य अनुरुपको कार्यक्रम कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको हुने भएकोले पालिकाले कार्यक्रमको अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन पेश गर्नुपर्दछ। साथै यस स्थानीय तहले उक्त कार्यक्रमको अनुगमन समेत गरेको पाइएन । नेपाल सरकार र स्वीस सरकारको द्धीपक्षीय सम्झौतामा उल्लेख भए अनुसार यस स्थानीय तहले Matching Fund समेत बनाएको पाइएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४७ **गोष्ठी खर्च** (५९३-२०७९-५-१२): आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्वीकृत बजेट भित्र तोकिएको कार्यक्रम तथा खर्च शिर्षकको परिधीभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठीमा विनियोजन भएको रकम उक्त कार्यमा खर्च नगरी बिभिन्न राजनीतिज्ञ तथा विज्ञहरुको समेलन गरी रु.६३५६१९। खर्च लेखेकोले देखिएकोले नियमसम्म नभएको रु

| | |
|---|---|
| अनियमित भएको | ६,३५,६१९ |

४८ **दिवा खाजा —** (426-२०८०-३-१७): कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ दिवा खाजा अन्तर्गत कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थि दैनिक रु. २०। का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५। का दरले १८० दिनका लागि विद्यालयमा अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्ष दुबै जनाबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भए पश्चात मात्र अनुदान दिने व्यवस्था भएकोमा पालिकाले यस वर्ष दिवा खाजा निकासा गर्दा जनशिक्षित मा. वि. अर्जेवा भौचर न ४२६ मिति २०२९।८।१७ मा प्रथम दोश्रो र तेश्रो चौमासिकमा १४६ जना विधार्थीको ३९४२००।०० निकासा दिनु पर्नेमा जम्मा रु ४२३१५०।निकासा भएकोमा बढी निकासा रु.२८९५० भएकोले उक्त विधालयबाट असुल गर्नुपर्ने रु–

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,९५० |

४९ **न्युन विद्यार्थि संख्या भएका विद्यालय -** शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थि संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ। सोही नियमावलीको नियम १२क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ । यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ८० रहेको र यस आ व मा उक्त विद्यालयहरुलाइ यस पालिकाबाट जम्मा रु २९६१४७२३०।४० निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार देहायका ४९ वटा विद्यालयहरुमा उपरोक्त कानूनले तोके भन्दा अत्यन्त न्यून संख्यामा विद्यार्थि रहेको व्यहोरा देखिन आयो । तसर्थ न्यून विद्यार्थि संख्या रहेका विद्यालयहरुलाइ उपरोक्त कानून कमोजिम एक आपसमा गाभि विद्यालय व्यवस्थापनलाइ चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ यस पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा

पदाधिकारीहरुको ध्यान गइ कानून बमोजिम गर्नुपर्ने देखिन्छ । यस पालिका अन्तर्गत ५० भन्दा कम विद्यार्थि संख्या रहेका बिद्यालयहरुको विवरण यस प्रकार छ।

| क्र.सं. | बिद्यालयको नाम र ठेगाना | संचालित कक्षा | जम्मा बिद्यार्थी | शिक्षक | | | योवर्ष निकासा रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | जम्मा | |
| | | | | १ | १ | 2 | 1261630.95 |
| २ | जनज्योति आधारभूत प्रा.वि अर्जेवा | 1-3 | 13 | ० | १ | 1 | 725007.9 |
| ३ | सरस्वती प्रा.वि., विनामारे | 1-5 | 49 | १ | २ | 3 | 1924488.05 |
| ४ | शिशुकल्याण प्रा.वि., विनामारे | 1-3 | 9 | ० | १ | 1 | 661165.25 |
| ५ | केवैखानी प्रा.वि., छिस्ती | 1-5 | 45 | २ | १ | 3 | 1871571.8 |
| ६ | सरस्वती प्रा.वि., छिस्ती | 1-5 | 14 | २ | ० | 2 | 1263539.3 |
| ७ | ताराज्योति प्रा.वि., छिस्ती | 1-3 | 10 | १ | ० | 1 | 944940.4 |
| ८ | बालविकास प्रा.वि., छिस्ती | 1-5 | 30 | १ | १ | 2 | 1457927 |
| ९ | पृथ्वी प्रा.वि., छिस्ती | 1-4 | 34 | १ | १ | 2 | 1384341.8 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | नवज्योति प्रा.वि., छिस्ती | 1-5 | 39 | २ | १ | 3 | 2023011.85 |
| ११ | विद्यामन्दिर प्रा.वि., छिस्ती | 1-5 | 40 | १ | २ | 3 | 1874743.3 |
| १२ | बाङ्लिङ प्रा.वि., छिस्ती | 1-5 | 45 | २ | १ | 3 | 2132620.65 |
| १३ | क्वाङ्दी प्रा.वि., छिस्ती | 1-3 | 16 | १ | ० | 1 | 864322.3 |
| १४ | शहिदस्मारक प्रा.वि., दमेक | 1-3 | 26 | १ | १ | 2 | 3871396 |
| १५ | गणेश प्रा.वि. दमेक | 1-3 | 30 | ० | २ | 2 | 1174789 |
| १६ | कृष्ण प्रा.वि. दमेक | 1-5 | 48 | ३ | ० | 3 | 1934327 |
| १७ | सगरमाथा प्रा.वि. दमेक | 1-3 | 8 | ० | १ | 1 | 693328.5 |
| १८ | ज्ञानज्योति प्रा.वि., दमेक | 1-5 | 48 | १ | २ | 3 | 1794517.05 |
| १९ | जनभावना प्रा.वि. दमेक | 1-3 | 5 | ० | १ | 1 | 756753.15 |
| २० | दुर्गा प्रा.वि. दमेक | 1-5 | 44 | ० | ३ | 3 | 1704241.4 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | जनज्योति प्रा.वि. दमेक | 1-3 | 5 | ० | १ | 1 | 679074.2 |
| २२ | लक्ष्मी प्रा.वि. दमेक | 1-3 | 17 | ० | १ | 1 | 676427.25 |
| २३ | दिव्यज्योति प्रा.वि. दमेक | 1-3 | 14 | १ | ० | 1 | 778578.8 |
| २४ | शारदा प्रा.वि., (आहाले) जैदी | 1-5 | 42 | १ | २ | 3 | 1920722.8 |
| २५ | जनता प्रा.वि., जैदी | 1-3 | 32 | १ | १ | 2 | 1278866 |
| २६ | कुईधाङ प्रा.वि., जैदी | 1-5 | 34 | ३ | १ | 4 | 1955579.1 |
| २७ | शारदा प्रा.वि., (धुल्लु बाँओ)जैदी | 1-5 | 43 | १ | २ | 3 | 1698945.55 |
| २८ | जनता बाल साक्षरता प्रा.वि., जैदी | 1-3 | 15 | १ | ० | 1 | 850362.69 |
| २९ | भगवती प्रा.वि., जैदी | 1-5 | 37 | १ | २ | 3 | 1851792.8 |
| ३० | सिद्धिगणेश प्रा.वि., कुश्मी | 1-5 | 27 | २ | १ | 3 | 1865066.75 |
| ३१ | जैमिनी प्रा.वि., कुश्मी | 1-5 | 24 | ३ | ० | 3 | 1992081.25 |
| ३२ | सरस्वती प्रा.वि., कुश्मी | 1-3 | 28 | १ | १ | 2 | 1390643.04 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३३ | मेलमिलाप प्रा.वि. पैयुंथन्थाप | 1-3 | 26 | १ | १ | 2 | 1328438 |
| ३४ | सिद्ध प्रा.वि. पैयुंथन्थाप | 1-3 | 36 | १ | १ | 2 | 1386206.2 |
| ३५ | एकता प्रा.वि. पैयुंथन्थाप | 1-3 | 10 | १ | १ | 2 | 1224577.7 |
| ३६ | जनज्योति प्रा.वि. पैयुंथन्थाप | 1-3 | 13 | ० | १ | 1 | 665985.75 |
| ३७ | जनता प्रा.वि. पैयुंथन्थाप | 1-5 | 41 | २ | १ | 3 | 1729678.96 |
| ३८ | रजतजयन्ती प्रा.वि. पैयुंथन्थाप | 1-4 | 18 | १ | १ | 2 | 1283472.25 |
| ३९ | गाउँ फर्क आवि. पैयुंथन्थाप | 1-8 | 49 | ४ | ३ | 7 | 9073540.95 |
| ४० | तारेभिर मौरीभिर प्रा.वि.पैयुँथन्थाप | 1 | 8 | ० | १ | 1 | 656741.5 |
| ४१ | शंकर प्रा.वि., राङखानी | 1-3 | 22 | १ | ० | 1 | 973598.05 |
| ४२ | धनचिना प्रा.वि., राङखानी | 1-5 | 30 | १ | १ | 2 | 1405254.96 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४३ | जनजागृति प्रा.वि., राङखानी | 1-3 | 11 | ० | १ | 1 | 665636.75 |
| ४४ | देउराली प्रा.वि., राङखानी | 1-3 | 26 | ० | २ | 2 | 1171526.4 |
| ४५ | बालसाक्षरता प्रा.वि., राङखानी | 1-3 | 11 | ० | १ | 1 | 665773.75 |
| ४६ | जनता प्रा.वि., राङखानी | 1-5 | 32 | २ | १ | 3 | 4383130.1 |
| ४७ | जनप्रिय आधारभुत बिद्यालय., राङखानी | 1-5 | 34 | ३ | ० | 3 | 1850421.9 |
| ४८ | सरस्वती प्रा.वि., सर्कुवा | 1-3 | 28 | १ | १ | 2 | 1254650.76 |
| ४९ | सर्वोदय प्रा.वि., सर्कुवा | 1-5 | 21 | २ | ० | 2 | 1492182.6 |
| ५० | जनज्योति प्रा.वि., सर्कुवा | 1-3 | 26 | २ | ० | 2 | 3914466.25 |
| ५१ | जैमिनी संस्कृत आवि. दमेक | 6-7 | 20 | १ | २ | 3 | 1772163.8 |

सैद्धान्तिक बेरुजु

५० **फिल्ड भत्ता-** भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को उपनियम ११ बमोजिम सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भत्ता उपभोग गरेको अवधि भर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने व्यवस्था भएकोमा पालिकाले निम्न कर्मचारीहरुलाई उक्त भत्ताहरु लिएको

यकिन नै नगरी मासिक रुपमा फिल्ड भत्ता रु.९७०६७८। उपलब्ध गराएको हुनाले माथी उल्लेखित भत्ताहरु नलिएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| सिन | पद | नाम | रकम |
|---|---|---|---|
| १ | सि ई | विवेक सापकोटा | १६१०००।०० |
| २ | स ई | राम कृष्ण पौडेल | १४९९४०।०० |
| ३ | अ स ई | जुद्द वहादुर पुन | १४९९४०।०० |
| ४ | अ स ई | फट्ट बहादुर छन्त्याल | १४९९४०।०० |
| ५ | स ई | आसिष पौडेल | ११९९५२।०० |
| ६ | स ई | राजेश आचार्य | ११९९५२।०० |
| ७ | स ई | दिल बहादुर थापा मगर | ११९९५२।०० |
| जम्मा | | | ९७०६७८।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७०,६७८ |

५१ **स्वीकृत दरवन्दी वाहिर करार सेवा-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगरप्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्थागरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिकभुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ । स्वीकृत दरवन्दी भन्दा वाहिरका विभिन्न पदका कर्मचारी राखी रु.१६३३३८० खर्च लेखेको छ । स्वीकृत दरवन्दी वेगर मेडिकल अधिकृत, कृर्षि तथा ईन्जिनियर पद सिर्जना गरी खर्च लेखेको रकम अनियमित भएको रु–

| | |
|---|---|
| अनियमित भएको | १६,३३,३८० |

५२ **समानीकरण अनुदानबाट बिद्यालयलाइ पारिश्रमिक तथा भत्ता-** समानीकरण अनुदानबाट बिद्यालयलाइ पारिश्रमिक तथा भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरवन्दीभित्र नपरेका एवं विद्यालयले गत विगत वर्ष देखि नै आन्तरिक स्रोतबाट विभिन्न विधालयको बालविकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक र प्रधानध्यापक भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण पूँजीगत शिर्षकबाट अनुदान स्वरुप रु. १०८०९३००। पारिश्रमिक तथा सुबिधा भुक्तानी गरेकोलाइ कानुनसम्मत भन्न मिल्ने देखिएन । यसमा सुधार हुनुपर्दछ ।

| भौ.नं./मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ६३।२०८०।३।१३ | विभिन्न विधालयको बालविकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक | १०६१४००० |
| ६२।२०८०।३।१३ | प्रधानध्यापक भत्ता | १९५३०० |
| | जम्मा | १०८०९३०० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३ **अतिरिक्त भत्ता-** स्थानिय सेवा (गठन तथा सन्चालन) अध्यादेश, २०७९ को दफा ४८ को उपदफा ६ बमोजिम कार्यपालिकाले कर्मचारीको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था छ । तर पालिकाले कर्मचारीहरुको कार्यालय समय वाहेक अतिरिक्त समयमा काम गरेको कार्यवोझको मुल्याङकन नगरी २७ जना कर्मचारीहरुलाई १५ दिनको भत्ता रु.४६६६३७।०० थप भुक्तानी दिएको देखियो । यसप्रकार भुक्तानी भएको अतिरिक्त समय भत्ता भुक्तानी दिन मिल्ने र अतिरिक्त समयमा कार्य गरेको पर्याप्त पुष्ट्याइ हुने आधार र प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४,६६,६३७ |

५४ **विद्यालयको लेखापरीक्षण** (126-२०७८-९-७): जैमिनी नगरपालिका नगर शिक्षा नियमावली, २०७७ को नियम १०७ बमोजिम अन्तिम लेखापरीक्षण गराउने र नियम १०८ बमोजिक उक्त प्रतिवेदन व्यवस्थापन समिति र शिक्षा शाखामा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा निम्न विद्यालयहरुमा आर्थिक बर्ष २०७८।०७९ को अन्तिम लेखापरीक्षणको लागि रु ८,८५,०००।— निकासा भएकोमा ८० वटा विद्यालयहरुले यस नगरपालिकाको शिक्षा शाखामा उक्त प्रतिवेदन पेश गरेको नदेखिएकोले अन्तिम लेखापरीक्षण प्रतिवेदन पेश गर्ने अन्थया असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,८५,००० |

५५ **सामाजिक सुरक्षा-** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम वितरण गर्नुपर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि नेपाल सरकारबाट रकम रु १८,४५,८३,८२१ प्राप्त भएकोमा सामाजिक सुरक्षा भत्ता रु १८,२६,५३,३४१ सम्बन्धित लाभग्राहीको खातामा वितरण गरी बाँकी रकम रु १,९३,०४० र गत वर्षको मृत्युपछिको फिर्ता रकम रु ४,१९,३०३ समेत गरेर रु २३,४९,७८३ संचित कोषमा फिर्ता भएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

१ एम आई एस विवरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को परिच्छेद ४ को बुँदा नं १४ अनुसार प्रत्येक स्थानीय तहले प्रविष्टि गरेको अद्यावधिक एम आइ एस लगतका आधारमा भत्ता रकम निकासा हुने व्यवस्था छ। पालिकाबाट प्राप्त एम आइ एस अभिलेखको परिक्षण गर्दा लाभग्राहीको विवरण पूर्ण रुपमा अद्यावधिक भएको पाइएन्। नमुना छनौट गरी परिक्षण गर्दा केही लाभग्राहीको वावु आमा बाजेको नाम उल्लेख नगरेको पाईयो। एउटै नागरिकता नं भएका १ जना भन्दा बढी लाभग्राहीहरुको विवरण देखियो। एम आइ एस विवरण अद्यावधिक नहुँदा एकै नाम थर भएको व्यक्तिलाई दोहोरो भत्ता भुक्तानी हुन सक्ने र मृत्यु भैसकेकालाई समेत भत्ता भुक्तानी हुन सक्ने हुँदा पालिकाले एम आइ एस अद्यावधिक गरेर मात्र भत्ता भुक्तानी गर्नुपर्दछ।

२ निस्क्रिय खाताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७५ को दफा २३ (५) मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र स्थानीय तहका साथै केन्द्रिय पंजिकरण विभागलाई दिनुपर्ने व्यवस्था छ। लेखापरिक्षणको क्रममा त्यस्तो विवरण माग गर्दा प्राप्त हुन सकेन। पालिकाले विभिन्न बैंकमा भएको निष्कृय खाताको विवरण माग गरी उल्लेखित निष्कृय खाताका लाभग्राहीहरु मध्ये वास्तविक लाभग्राही सम्बन्धमा वडा कार्यालयहरुबाट एकिन गरी नभएको अवस्थामा खातामा निष्कृय रहेको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ।

३ लगत कट्टा पश्चात रकम जम्माः पालिका बाट प्राप्त फरवार्ड फिडको नमुना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिम विवरण भएका लाभग्राहीहरुको मृत्यु पश्चात लगतकट्टी गरे पश्चात समेत लाभग्राहीको खातामा सामाजिक सुरक्षा वापतको मृत्यु पश्चातको रकम नघटाइ बैंकमा जम्मा गरेको देखिएकोले मृत्यु पश्चात जम्मा भएको रकम असुल गर्नुपर्ने रु

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **अन्य ज्येष्ठ नागरिक भत्ता** | | | | | |
| १ | ५ | जमुना पाध्यानी | | २०७९।४।१४ | प्रथम | १२००० |
| २ | १ | टिकाराम पाध्याय | ६९३ | २०८०।३।१७ | चौथो | १२००० |
| ३ | १ | प्रेम ब थापा | १७२७ | २०७९।१२।२४ | तेस्रो | १२००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ८ | नन्दकली थापा | ९०७४-१४८९ | २०८०।२।१७ | चौथो | १२००० |
| ५ | ३ | पूर्ण व छन्त्याल | ६०५८२८५५ | २०७९।५।२९ | पहिलो | १२००० |
| ६ | ४ | कोपिला सर्किनी | ४२७२५ | २०८०।१।२३ | चौथो | ७९८० |
| ७ | ५ | मनरुपा पाध्यानी | २३७८।११२ | २०७९।९।१ | दोस्रो | १२००० |
| ८ | १० | हरिकला कामी | ४-८२६ | २०७९।३।६ | पहिलो | १२००० |
| ९ | २ | पार्वती सापकोटा | २२९४ | २०७९।६।१० | तेस्रो | १२००० |
| | **पूण अपाङ्गता भत्ता** | | | | | ० |
| १० | ५ | राजकुमार वि क | | २०७९।४।५ | चौथो | ११९७० |
| | | | | | | **115950** |

**४. नागरिकता नं एउटै भएको**: पालिकाले लाभग्राहीको खातामा रकम जम्मा गर्नलाई बैक मा पठाएको विवरणको नमुना परिक्षण गर्दा एउटै नागरिकता नं भएको लाभग्राही देहाय बमोजिम देखिएको छ। उल्लेखित लाभग्राहीहरु एउटै भए/नभएको एकिन गर्न सकिएन। लाभग्राही एउटै भए/नभएको एकिन गरी विवरण अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ। नागरिक्ता नंएउटै भएका एक भन्दा बढी लाभग्राहीको नामावली अनुसुची ३ मा संलग्न रहेको छ ।कार्यविधिको ब्यबस्था अनुरुप कार्य गराउनुपर्छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१५,९५० |

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : जैमिनी नगरपालिका, बागलुङ , जैमिनी नगरपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चेतनाथ गिरी | २०७९-६-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सूर्य बहादुर बि.क. | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १६०,५२२ | ७,४३२,३४५ | ३,६२५,१६३ | ० | ० | २,२००,७५० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १३,४१८,७८० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १३,४१८,७८० |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९००४१४६०.३१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५६४८५७००२ | **चालु खर्च** | ६३१५०३५९२ |
| **प्रदेश सरकारबाट अनुदान** | २३३७५३७५ | **पूँजीगत खर्च** | २३६४५६३७१.४ |
| **राजश्व बाँडफाँट** | ८७६४४२३३.५७ | **वित्तीय/अन्य व्यवस्था** | ४९७५६७५५.९७ |
| **आन्तरिक आय** | ११८९२४२२.९४ | | |
| **अन्य आय** | २१७२७३६२६.१६ | | |
| **कुल आय** | ९०५०४२६५९.६७ | **कुल खर्च** | ९१७७१६७१९.३७ |
| **बाँकी मौज्दात** | | ७७३६७४००.६१ | |

**बेरूजु दफा ४३ सँग सम्बन्धित विवरण - अनुसूची -३**

जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराएको

| कामको विवरण | वडा नं. | लागतअनुमान रु | जम्माभएको काम रु | जनसहभागिताको काम | जनसहभागिताप्रतिशत | भुक्तानीरकम रु |
|---|---|---|---|---|---|---|
| कुश्मीसेरा उपल्लो बजार देखि कान्ले फेदीं सडक निर्माण | १ | १०७२८११ | १०७४२२२ | ११४२२२ | १०.६३ | ९६०००० |
| हेलीप्याड निर्माण | १ | ५४३४६६ | ५४४६४० | ६४६४० | ११.८७ | ४८०००० |
| दुरलेवेशी अमरपुरी सुन्तलाचौर | २ | १०६८१९७ | १०६९०५४ | १०९०५४ | १०.२० | ९६०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शिवमन्दिर सडक | | | | | | |
| वडा स्तरका सडक मर्मत सुधार | २ | १२२७५८९ | १२२७८३७ | १२३८३७ | १०.०९ | ११०४००० |
| सहित स्मारक प्रा वि भवन निर्माण | २ | २८८६४८४ | २७८९४२६ | ३७३४८९ | १३.३९ | २४१५९३७ |
| जनप्रिय मा वि भवन निर्माण | २ | २७८०१४० | २७८३०६१ | २८३०६१ | १०.१७ | २५००००० |
| वडास्तरका सडक मर्मत सुधार | ३ | १११५०६५ | १११६७८३ | ११३५८३ | १०.१७ | १००३२०० |
| छहरा सिमाना देखि शिवालय भरतपुरी हुदै गाजादह सडक | ३ | १०६९७८१ | १०७३३६४ | ११३३६४ | १०.५६ | ९६०००० |
| हेलीप्याड निर्माण | ३ | ५५९८१० | ५६४३५८ | ८४३५८ | १४.९५ | ४८०००० |
| भरतपुरी मावि भवन निर्माण | ३ | ५७६४५४७ | ५७६६९०६ | ७६६९०६ | १३.३० | ५०००००० |
| झाँक्रीस्थान दशमुरे सिंचाई टंकी निर्माण | ४ | ३१८७३० | ३२९२४५ | ४१२४५ | १२.५३ | २८८००० |
| तल्ला मादि देखि गावँ सडक निर्माण | ४ | १०७५१८८ | १०७६७५५ | ११६७५५ | १०.८४ | ९६०००० |
| जनज्योति प्रावि भवन निर्माण | ४ | ३००१८०७ | २९३७८६४ | ४९१११८ | १६.७२ | २४४६७४६ |
| कोरिडोर निरिङ्गे विनामारे | ५ | १०७५९०६ | १०७६२२९ | ११६२२९ | १०.८० | ९६०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मुलाबारी गाँव जनै मन्तर्नी सडक | | | | | | |
| कालीगण्डकी किनारदेखि चोखेक ६ नं को सिमा सडक | ६ | १०६८४०० | १०६८४०० | १०८४०० | १०.१५ | ९६०००० |
| काभ्राको रुख ओख्ले स्वाँर सडक निर्माण | ६ | ६१०३११ | ६११७६० | ७४१६० | १२.१२ | ५३७६०० |
| वडा भित्रका विभिन्न सडक मर्मत | ७ | 891236 | ८९१२३६ | ६८७९ | ०.७७ | ८८४३५७ |
| करिडोर ढाव सिडेपोखरी सडक | ७ | 1075397 | १०५४७६८ | ११३१८४ | १०.७३ | ९४१५८४ |
| वोर धुल्लु केवै सडक | ७ | 883828 | ८९०३४७ | १२२३४७ | १३.७४ | ७६८००० |
| वडा स्तरिय सडक मर्मत सम्भार | ८ | 1035399 | १०३५८३८ | ११४२३८ | ११.०३ | ९२१६०० |
| हेलिप्याड निर्माण | ८ | 559810 | ५६१६६२ | ८१६६२ | १४.५४ | ४८०००० |
| भुनिया ढाब वडँ कार्यालय मेलपोखरी सढक मर्मत | ८ | 1080275 | १०८०५४५ | १२०५४५ | ११.१६ | ९६०००० |
| वडा स्तरका बिभिन्न सडक मर्मत सुधार | ८ | 500000 | ५००००० | ० | ०.०० | ५००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| धुस वाईनकुना खोलाखानी फलाटे सडक | ८ | 856262 | ६२२२९३ | ६४१४५ | १०.३१ | ५५८१४८ |
| धुस वडा कार्यालय नेपाने केवै सडक निर्माण | ८ | 1068572 | १०६४७८३ | १०८१८७ | १०.१६ | ९५६५९६ |
| बसन्त मा वि भवन निर्माण | ८ | 5555365 | ३५३२८२४ | १७३१६७ | ४.९० | ३३५९६५७ |
| डेभेरेरुम्टा ज्यामिरेबन हुदै वडा कार्यालय सडक निर्माण | ९ | 1057446 | ८८४४८१ | ८९८७१ | १०.१६ | ७९४६१० |
| गाँउफर्क आ वि भवन निर्माण | ९ | 5713621 | ५७१५८९१ | ७१५८९१ | १२.५२ | ५०००००० |
| नगरस्तरका मुख्य सडक मर्मत सुधार | १० | 597460 | ६०३५४० | ७५५४० | १२.५२ | ५२८००० |
| पाहि ओख्ले चिलाउनेखर्क जौवारीखर्क जाने सडक | १० | 1070759 | १०७२७८४ | ११२७८४ | १०.५१ | ९६०००० |
| किटेनि नेवारे सडक | १० | 869121 | ८७६१७६ | १०८१७६ | १२.३५ | ७६८००० |
| जनता प्रा वि किटेनी भवन निर्माण | १० | 2993725 | ३१०२८०९ | ६०२८०९ | १९.४३ | २५००००० |
| बाखखोर सावलि नामदुक सडक | | 851545 | ८३३०७२ | ८९५५९ | १०.७५ | ७४३५१३ |
| चिरपानि पैयु कह सडक | | 855114 | ८५०८१३ | ८२८१३ | ९.७३ | ७६८००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| डहरे वासटारी फेदी बनहु छहरा बुढिखर्क सडकमर्मत | | 2858647 | २८५९११३ | ३६४४४५ | १२.७५ | २४९४६६८ |
| कुश्मिसेरा विनामारे हुदै जैदी छिस्ती कृषि सडक | | 2146277 | १९७७१३२ | २५३२३५ | १२.८१ | १७२३८९७ |
| कुश्मिसेरा विनामारे जैदी छिस्ती सडक | | 2165111 | ६७७३२० | ९०७४८ | १३.४० | ५८६५७२ |
| देउरालीघाट झो पु निर्माण | १० | 1351774 | ३२५००० | ० | ०.०० | ३२५००० |
| फलाटे रुखेनि फाँट झो पु निर्माण | १० | 1894420 | ५००००० | ० | ०.०० | ५००००० |
| खाल्टे विजुवाघाट ट्रस पुल निर्माण | ९ | 874405 | ५००००० | २३५००० | ४७.०० | २६५००० |
| साङ्दीघाट झो पु निर्माण | 9 र 10 | 2497130 | २२००००० | १६०५००० | ७२.९५ | ५९५००० |
| अर्म टुडि घाट झो पु निर्माण | ९ | 962714 | ८६५००० | ५८५००० | ६७.६३ | २८०००० |
| जम्मा | | ६७५०३६४५ | ६०१८७३३१ | ९००९६४६ | | ५११७७६८५ |

पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च

| कामको विवरण | वडा नं. | लागतअनुमान रु | जम्माभएको काम रु | भुक्तानीरकम रु |
|---|---|---|---|---|
| गुनासो व्यवस्थापन | नगरस्तर | ५०००० | ४८००० | ४८००० |

| | | | | |
|---|---|---|---|---|
| जैमिनी न.पा.को सूचनामूलक सामग्री प्रशारण | नगरस्तर | १५०००० | १५०००० | १५०००० |
| वित्तिय उत्तरदायित्व र आलेप तालिम | नगरस्तर | १००००० | ९८१०० | ९८१०० |
| सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन | नगरस्तर | ३००००० | १८६७७५ | १८६७७५ |
| लेखा परीक्षण तथा बेरुजु फछ्र्यौट | नगरस्तर | १००००० | १००००० | १००००० |
| उपभोक्ता समिति र पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम | नगरस्तर | ६००००० | ५९६००० | ५९६००० |
| टेलिमेडिसिन संचालन ब्यबथापन | नगरस्तर | २००००० | २००००० | २००००० |
| सुरक्षित मातृत्वको लागी मोबाईल संचार सेवा तालिमस्वास्थ्यकर्मी र मस्वासेके लागि | नगरस्तर | ४००००० | ३७१००० | ३७१००० |
| प्रसुतिकालागि यातायात सेवा कार्यक्रम | नगरस्तर | ४००००० | ७००० | ७००० |
| गर्भवती अबस्थामा जटिलता पहिचानको लागी ग्रामीणभिडियो एक्सरे | नगरस्तर | १००००० | ८९००० | ८९००० |
| सरुवा रोग नियत्रणका लागि वडा स्तरीय सचेतनाकार्यक्रम | नगरस्तर | ५०००० | ४२००० | ४२००० |
| म.सा.स्वा. स्वयम सेविकाको लागि सुरक्षितमातृत्वमा काम गरे बापत यातायात र संचार खर्च | नगरस्तर | ८२८००० | ४४४००० | ४४४००० |
| म.सा .स्वा. स्वयम सेविकाको लागि निशुल्कस्वास्थ्य बिमा कार्यक्रम | नगरस्तर | २४१००० | १५५००० | १५५००० |
| नसर्ने रोग नियत्रणका लागि वडा स्तरीय सचेतनाकार्यक्रम | नगरस्तर | ५०००० | ३९००० | ३९००० |
| गर्भवती र सुत्केरीको साथी पोषण स्वास्थ्यकर्मी रमहिला सामुदीक स्वास्थ्य स्वयमसेविका | नगरस्तर | ७००००० | ४२८००० | ४२८००० |
| मृगौला प्रत्यारोपण डाईलाईसिस क्यान्सर स्पाईनलईन्जुरी का लागि उपचार खर्च | नगरस्तर | ४५५००० | ४५५००० | ४५५००० |
| हातेपुस्तिका प्रकाशन | १ | ५०००० | ५०००० | ५०००० |
| वडा स्तरका प्रा वि शिक्षम तथा ब्यवस्थापन समितिशैक्षिक गुणस्तरअविवृद्धि तालिम | १० | 100000 | १००००० | १००००० |
| क्षमता अभिबृद्धी तथा भाषण कला तालिम | | 150000 | १५०००० | १५०००० |

| | | | | |
|---|---|---|---|---|
| स्वास्थ्यकर्मी लाई इम्प्लान्ट तालिम | नगरस्तर | 200000 | १९७००० | १९७००० |
| हात्तिपाईले रोग बिरुद्ध आम आषधि सेवन कार्यक्रम | नगरस्तर | 1204000 | ९६२००० | ९६२००० |
| मृगौला प्रत्यारोपण डाईलाईसिस क्यान्सर स्पाईनलईन्जुरी का लागि उपचार खर्च | नगरस्तर | 1130000 | ११३०००० | ११३०००० |
| सुर्तिजन्य पदार्थ तथा मध्यपान सेवनको न्युनिकरण सम्बन्धि संचारकार्यक्रम | नगरस्तर | 25000 | २४१२१ | २४१२१ |
| क्षयरोग जोखिम समुह तथा स्वास्थ्य सेवाको पहुच कम भएको समुदायमासकृय क्षयरोग खोजपडताल कार्यक्रम | नगरस्तर | 84000 | ६४००० | ६४००० |
| कोभिड १९ को भ्याक्सिन डिजिटलाईजेसन तथा क्यू आरकोड प्रमाणिकरण | नगरस्तर | 120000 | ९०००० | ९०००० |
| कोभिड १९ लगायत बिभिन्न माहामारीजन्य रोगहरुकोरोकथाम नियन्त्रणको लागि RRT परीचालन | | 50000 | ४००० | ४००० |
| कोभिड १९ बिरुद्ध खोप अभियान तथा बुस्टर खोप | नगरस्तर | 309000 | १७३००० | १७३००० |
| नियमित खोप सुदृढीकरण, पूर्णखोप सुनिश्चितता रदिगोपना | नगरस्तर | 298000 | २२७००० | २२७००० |
| परिवार नियोजन किशोर किशोरी तथा प्रजनन स्वास्थ्यकार्यक्रम | नगरस्तर | 360000 | ४४००० | ४४००० |
| पालीका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठकस्वास्थ्य कार्यक्रमको डाटा भेरीफिकेसन एंवम गुणस्तर स | नगरस्तर | 215000 | १९८००० | १९८००० |
| मातृ तथा नबशिशु कार्यक्रम अन्तरगत आमा सुरक्षागर्भवती,रक्तसंचार उत्पे|रणा सेवा, झोला र निशुल्क गर्भपतन | नगरस्तर | 1096000 | ७३२००० | ७३२००० |
| मातृ तथा नबशिशु कार्यक्रम संचालन | नगरस्तर | 1463000 | ११३१००० | ११३१००० |
| रा.सा.म. स्वा.सवयंम सेविका कार्यक्रम | नगरस्तर | 3300000 | ३२९३००० | ३२९३००० |

| | | | | |
|---|---|---|---|---|
| बिद्यलय स्वास्थ्य शिक्षा,आमा समुह तथा स्थानियतहमा स्वास्थ्यका लागि ब्यवहार परीवर्तन पाब्रधन | नगरस्तर | 75000 | ६८९२० | ६८९२० |
| पोषाण कार्यक्रम | नगरस्तर | 494000 | ३९५००० | ३९५००० |
| आकस्मिक अबस्थामा औषाधिएवम ल्याब सामागीं ढुवानी रेकर्डिङ रिपोटिङ | नगरस्तर | 116000 | ६८००० | ६८००० |
| आँखा,नाक,कान धाटी तथा मुख स्वास्थ सम्बन्धिअभिमुखिकरण | नगरस्तर | 120000 | ११४००० | ११४००० |
| संस्थागत क्षमता विकास, परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङकन | नगरस्तर | १०२५००० | ६१२००० | ६१२००० |
| बिभिन्न शैक्षिक तालिम गोष्ठी सेमिनार | नगरस्तर | ४००००० | ३८०००० | ३८०००० |
| विद्यालयका प्रअहरुका लागि प्रोत्साहन प्र.अ.भत्ता | नगरस्तर | ३००००० | १९५००० | १९५००० |
| उद्धमी अभिभावक प्रोत्साहन कार्यक्रम मावि तह | नगरस्तर | २७०००० | २५६००० | २५६००० |
| शिक्षा सम्वन्धी भेला र दिवस व्यवस्थापन खर्च | नगरस्तर | १००००० | ९२००० | ९२००० |
| कक्षा ८,५ र कक्षा ३ को परिक्षा सुद्धढिकरण तथासञ्चालन र अभिमुखिकरण | नगरस्तर | ४५०००० | ४४९००० | ४४९००० |
| बालबिकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारीतलब भत्ता | नगरस्तर | १०६१४००० | १०६१४००० | १०६१४००० |
| शैक्षिक क्यालेण्डर निर्माण र प्रकाशन | नगरस्तर | १००००० | ९६००० | ९६००० |
| नगर स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | नगरस्तर | १००००० | ९२००० | ९२००० |
| विद्यालय अनुगमन इन्धन खर्च र संचार | नगरस्तर | १००००० | २२००० | २२००० |
| कक्षा ५,८ र १० का परिक्षाका आधारमा शिक्षक रविद्यार्थीहरु पुरस्कार | नगरस्तर | १५०००० | १४९००० | १४९००० |
| विद्यालय दरवन्दी मिलान र शिक्षक व्यवस्थापन | नगरस्तर | ७५००० | ४०००० | ४०००० |
| नगर स्तरीय पढाईमेला | नगरस्तर | १००००० | ९९००० | ९९००० |
| नगरपालिका भित्रका प्रधानाध्यापक र अन्य बैठक | नगरस्तर | २००००० | १५६००० | १५६००० |
| आधारभुत र माध्यमिक विद्यालय पुरस्कार | नगरस्तर | २००००० | २००००० | २००००० |

| | | | | |
|---|---|---|---|---|
| सवै विद्यालयका शिक्षकहरुलाई IEMIS अभिमुखिकरण रव्यवस्थापन | नगरस्तर | २००००० | २००००० | २००००० |
| प्राविधिक धार तर्फका विद्यार्थीका लागि छात्रवृति | नगरस्तर | ६४०००० | ५४०००० | ५४०००० |
| CBINMCI (कार्यक्रम समिक्षा स्थलगत अनुशिक्षण, समता र पहुच कार्यकम ) | नगरस्तर | 500000 | २०६००० | २०६००० |
| सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि छात्रवृति(आवासिय तथागैरआवासिय) | नगरस्तर | १६७७००० | ११९६००० | ११९६००० |
| माध्यमिक तह कक्षा ९-१० मा अंग्रेजी,गणित रबिज्ञान विषय शिक्षण सहयोग अनुदान | नगरस्तर | २२८०००० | १३६८००० | १३६८००० |
| आधारभुत तह कक्षा ६-८ मा अंग्रेजी,गणित र बिज्ञानविषय शिक्षण सहयोग अनुदान | नगरस्तर | ७२४००० | ७२४००० | ७२४००० |
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | नगरस्तर | ४७२८००० | ४७२८००० | ४७२८००० |
| विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | नगरस्तर | 100000 | १००००० | १००००० |
| तोकिएका विद्यार्थीको दिवा खाजाका लागिविद्यालयलाई अनुदान | नगरस्तर | ९५६१००० | ८९२६००० | ८९२६००० |
| कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथाअन्य विपदको समयमा सिकाई निरन्तरताका लागि कार्यक्रम | नगरस्तर | ५००००० | ३३२००० | ३३२००० |
| नागरिक आरोग्य कार्यक्रम | नगरस्तर | 300000 | २७८७६० | २७८७६० |
| पूर्वकर्म कार्यक्रम | नगरस्तर | 150000 | १५०००० | १५०००० |
| स्तनपायी आमाको लागी दुग्धबर्धक औषधी वितरण | नगरस्तर | 100000 | ९९१७५ | ९९१७५ |
| जेष्ठ नागरिको लागी स्वास्थ्य प्रबर्धन कार्यक्रम | नगरस्तर | 100000 | ९९६३८ | ९९६३८ |
| स्थानिय जनतालाई जडिवुटी परिचयात्मक कार्यक्रम | नगरस्तर | ५०००० | ५०००० | ५०००० |
| नागरिक आरोग्य क्लिनिक सञ्चालन तथा व्यवस्थापन | नगरस्तर | २००००० | १९५३५८ | १९५३५८ |
| लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान तथा लैङ्गिब हिंसा सम्बन्धीसचेतनामुलक कार्यक्रम | नगरस्तर | ५००००० | ४३८६९० | ४३८६९० |

| | | | | |
|---|---|---|---|---|
| महिलाहरुको प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनामुलककार्यक्रम | नगरस्तर | २००००० | १७५७०० | १७५७०० |
| महिलाहरुको नेतृत्व विकास सम्बन्धी तालिम | नगरस्तर | २००००० | १८८१०० | १८८१०० |
| बालबालिकाहरुको लागि बालविबाह सम्बन्धी कार्यक्रम | नगरस्तर | ५००००० | ४९७६४३ | ४९७६४३ |
| अपाङ्गता सहायता सामाग्री वितरण कार्यक्रम | नगरस्तर | २००००० | १४५०८३ | १४५०८३ |
| बालक्लव गठन तथा बालमैत्री स्थानीय नगर घोषण कार्यक्रम | नगरस्तर | २०००००० | १९३५४११ | १९३५४११ |
| ज्येष्ठ नागरिक संग सम्बन्धित कार्यक्रम | नगरस्तर | ५००००० | ४९८०८० | ४९८०८० |
| स्थानीय कला संस्कृति तथा भेषभुषा सम्बन्धीकार्यक्रम | नगरस्तर | २००००० | २००००० | २००००० |
| अनुगमन मुल्यांकन तथा प्रतिवेदन | नगरस्तर | २००००० | ७६७२१ | ७६७२१ |
| लक्षित बर्ग स्वास्थ्य शिविर संचालन | नगरस्तर | ५००००० | ५००००० | ५००००० |
| लैङ्गिक हिंसा निवारणका लागि जोड कोष | नगरस्तर | १००००० | १००००० | १००००० |
| बाल अधिकार सम्बन्धी सचेतनामुलक कार्यक्रम | नगरस्तर | १००००० | २९२५० | २९२५० |
| अन्तर्राष्ट्रिय महिला दिवस | नगरस्तर | ५०००० | ४५००० | ४५००० |
| जातिय विभेद निवारणका लागि सचेतनामुलक कार्यक्रम | नगरस्तर | २००००० | २००००० | २००००० |
| महिला हिंसा विरुद्ध १६ दिने अभियान | नगरस्तर | १००००० | ६०८०० | ६०८०० |
| छवाछुत मुक्त राष्ट्र दिवस जेठ २१ | नगरस्तर | ५०००० | ५०००० | ५०००० |
| जनजाती क्षमता अभिबृद्धि कार्यक्रम | नगरस्तर | १२५००० | ११५०७५ | ११५०७५ |
| मानब सेवा आश्रम ब्यवस्थापन | नगरस्तर | 163409 | १६३५६९ | १५०००० |
| जैमिनी मेला ब्यवस्थापन | नगरस्तर | 1250000 | १२५०००० | ९६०००० |
| तेस्रो राष्ट्रपति रनिङ शिल्ड ब्यवस्थापन | नगरस्तर | 551365 | ५५१३६५ | ५५०००० |
| धौलागिरी पोजेटिभ समुह सहयोग | नगरस्तर | 68000 | ७४२९० | ५०००० |
| खेलकुद बिकास कार्यक्रम | ८ | 92700 | ९२७०० | ८५००० |

| | | | | |
|---|---|---|---|---|
| महिला स्वास्थ स्वयमसेविका अबलोकन भ्रमण | ८ | 80000 | ८०००० | ८०००० |
| अपाङ्ग सहयोग कार्यक्रम | ७ | 52000 | ५२००० | ५०००० |
| आदिवासी जनजाति समाज | ६ | ५२५१० | ५२५१० | ५०००० |
| निशुल्क स्वास्थ्य विमा | ६ | ७५००० | ७५००० | ७५००० |
| नेतृत्व विकास कार्यक्रम | ६ | ५०००० | ५०००० | ५०००० |
| सिर्जनशिल महिला समुह | ६ | ५७००० | ५७००० | ५०००० |
| | | ५९८९३९८४ | ५३०२२८३४ | ५२६७४४०० |

**बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -४**

नागरिक्ता नं एउटै भएका एक भन्दा बढी लाभग्राहीको नामावली

| सिन | वडा न | परिचयपत्र न | नागरिकता न | लाभग्राहीको नाम | जन्म मिति |
|---|---|---|---|---|---|
| 1 | 1 | 2006111200288 | 19426 | Chandrakala Upadhyani | 12-11-2006 |
| 2 | 1 | 2008011000784 | | Chandrakala Upadhyaj | 10-1-2008 |
| 3 | 2 | 1997100700422 | 11591488 | Chandra Datta Sapkota | 10-7-1997 |
| 4 | 2 | 2005041300234 | | Narbada Khatri Chhetri | 13-4-2005 |
| 5 | 2 | 2010110602429 | 984468 | Madhu prashad sapkota | 06-11-2010 |
| 6 | 2 | 2010110602893 | | Madhu Prasad Sapkota | 06-11-2010 |
| 7 | 2 | 2027011300119 | 503025218 | Bisnu Devi Sapkota | 13-1-2027 |
| 8 | 2 | 2040071100048 | | Manikarna B.K | 11-7-2040 |